संवत् २०८० सालको ऐन नं. .......

# सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र व्यावसायिक वातावरण प्रवर्द्धन गर्न केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ मा संशोधनः** निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. व्यापार सहजीकरण तथा पारदर्शिता इकाईको गठनः (१) अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण तथा पारदर्शिता कायम राख्न देहाय बमोजिमको व्यापार सहजीकरण तथा पारदर्शिता इकाई रहनेछः-

(क) नेपाल सरकारको वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव - संयोजक

(ख) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) महानिर्देशक, भन्सार विभाग - सदस्य

(च) महानिर्देशक, आन्तरिक राजस्व विभाग - सदस्य

(छ) महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको व्यापार सहजीकरण तथा पारदर्शिता इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यापारमा पारदर्शिता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने,

(ख) सीमापार व्यापार व्यवसायसँग सम्बन्धित मूल्य, मात्रा, विवरण, कागजात वा सम्बन्धित विषयको यथार्थ मूल्याङ्कनका लागि अन्य देशका व्यापार नियमन तथा पारदर्शिता कायम राख्न स्थापित

निकायसँग सूचना आदानप्रदान गर्ने,

(ग) खण्ड (क) बमोजिम समन्वय र खण्ड (ख) बमोजिम सूचना आदानप्रदान गर्दा कुनै कैफियत पाइएमा कारबाहीको लागि सम्बन्धित निकाय वा सम्बन्धित मुलुकमा लेखी पठाउने,

(घ) सीमापार व्यापार व्यवसायमा पारदर्शिता कायम गर्न, गराउन आवश्यक मापदण्ड बनाई लागू गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) सीमापार व्यापार व्यवसायसँग सम्बन्धित सूचना, विवरण तथा कागजात सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(च) उपयुक्त विधि र सफ्टवेयरको माध्यमबाट व्यापारजन्य क्रियाकलापको अनुगमन गर्ने, गराउने,

(छ) एक्जिम कोड वा त्यस्तै प्रकृतिका व्यावसायिक कागजातमा आवश्यक सर्त

राख्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ज) व्यापार पारदर्शिता सम्बन्धी नियममा तोकिए बमोजिमका अन्य काम गर्ने।

(३) व्यापार सहजीकरण तथा पारदर्शिता इकाईले आफ्नो कार्यसम्पादनको सिलसिलामा आवश्यक पर्ने कागजात तथा विवरण माग गरेमा त्यस्तो कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ। "

३. **पानी जहाज दर्ता ऐन, २०२७ मा संशोधनः** पानी जहाज दर्ता ऐन, २०२७ को,-

(१) दफा २४क. पछि परिच्छेद-९ मा देहायको दफा २४ख. थपिएको छः-

"२४ख. सामुद्रिक डकैती (पाइरेसी) गरेको मानिनेः (१) कसैले पानी जहाजलाई कब्जामा लिई वा पानी जहाजमा रहेको कसैलाई तत्कालै ज्यान लिने वा गम्भीर चोट पुऱ्याउने, डर, त्रास देखाई वा जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई पानी जहाजमा रहेको व्यापारिक सामान (कार्गो) लुटपाट गरेमा वा त्यस्तो उद्देश्यले सो पानी जहाज वा त्यसमा रहेको कुनै

मालसामानमा क्षति पुऱ्याएमा सामुद्रिक डकैती (पाइरेसी) गरेको मानिनेछ।

(२) कसैले सामुद्रिक डकैती (पाइरेसी) गरेको सामान हो भन्ने जानीजानी त्यस्तो सामान खरिद गर्न, प्रयोगमा ल्याउन वा कसैलाई बिक्री, वितरण गर्नु हुँदैन।"

(२) दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः-

"२५. <u>पानी जहाज विरूद्धको कसूर र सजायः</u> (१) देहायको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा ४ को उपदफा (१) विपरीत पानी जहाज दर्ता नगरी सञ्चालनमा ल्याएमा वा झुट्टा विवरण दाखिल गरी पानी जहाज दर्ता गराएमा त्यस्तो पानी जहाजको धनीलाई दुई वर्षसम्म कैद वा एक लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) दफा १५ विपरीत दर्ताको प्रमाणपत्रमा कुनै थपघट गरेमा

त्यस्तो कार्यलाई प्रचलित कानून बमोजिम लिखत सम्बन्धी कसूर मानी सोही बमोजिमको सजाय,

(ग) दफा २४ख. को उपदफा (१) बमोजिमको कसूर गरेमा दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र बिगो बराबरको जरिबाना,

(घ) दफा २४ख. को उपदफा (२) बमोजिमको कसूर गरेमा पाँच वर्षदेखि सात वर्षसम्म कैद र बिगो बराबरको जरिबाना।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सजाय भएकोमा त्यस्तो पानी जहाजको सञ्चालनमा रोक लगाउन वा नेपालको व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार

झिक्न वा केही अवधिको लागि निलम्बन गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम सजाय भएकोमा कसूरको बिगो जफत गरी सम्बन्धित धनीलाई भराई दिनु पर्नेछ। कसूरदारले बिगो मासिसकेको भएमा त्यस्तो बिगोको मूल्य बराबरको रकम कसूरदारबाट सम्बन्धित धनीलाई भराई दिनु पर्नेछ।

(४) दफा १९ विपरीत पानी जहाजमा लेख्नु पर्ने नाम र दर्ताको स्थान नलेखेमा वा अनधिकृत नाम लेखेमा वा रजिष्ट्रारको अनुमति बिना पानी जहाजको नाम बदलेमा वा दफा २४क. बमोजिम नेपाल सरकारले माग गरेको विवरण तथा कार्य प्रगति सम्बन्धी प्रतिवेदन पेश नगरेमा रजिष्ट्रारले त्यस्तो पानी जहाजको धनीलाई पहिलो पटकको लागि पचास हजार रुपैयाँसम्म जरिबाना र त्यसपछि पटकैपिच्छे दोब्बर जरिबाना गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको कसूर हुने कार्यमा षडयन्त्र, दुरूत्साहन, मद्दत वा उद्योग गर्ने वा त्यस्तो कार्य गर्न सल्लाह दिई, कुनै किसिमले

सहभागिता जनाई वा अन्य कुनै किसिमले सहजीकरण गर्ने वा मतियार हुने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजाय सरह सजाय हुनेछ।"

(३) दफा २५ पछि देहायको दफा २५क. थपिएको छः-

"२५क. <u>नेपाल सरकार वादी हुने</u>ः यस ऐन बमोजिमको मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।"

(४) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः-

"२६. <u>मुद्दा हेर्ने अधिकार</u>ः यस ऐन बमोजिमको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जिल्ला अदालतलाई हुनेछ। त्यसरी नतोकिएसम्म त्यस्तो मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार काठमाडौं जिल्ला अदालतलाई हुनेछ।"

४. **<u>मालपोत ऐन, २०३४ मा संशोधनः</u>** मालपोत ऐन, २०३४ को,-

(१) दफा २ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) "इजाजतपत्र" भन्नाले घर जग्गा सम्बन्धी कारोबार गर्न दफा २६ख. बमोजिम दिइएको इजाजतपत्र सम्झनु पर्छ।"

(२) परिच्छेद-७ पछि देहायको परिच्छेद-७क. थपिएको छः-

"परिच्छेद-७क.

घर जग्गा सम्बन्धी कारोबार

२६क. घर जग्गा सम्बन्धी कारोबार गर्न इजाजतपत्र लिनु पर्नेः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा उल्लेख भएको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घर जग्गा सम्बन्धी कारोबार गर्दा यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "घर जग्गा सम्बन्धी कारोबार" भन्नाले प्राकृतिक व्यक्तिबीच आपसी सहमतिमा गरिने खरिद बिक्री बाहेक कुनै शुल्क लिई वा नलिई कसैको घर वा जग्गा खरिद वा बिक्री गर्न सहयोग गर्ने, त्यस्तो घर वा जग्गा खरिद वा बिक्री गर्ने व्यक्तिलाई परामर्श दिने वा सो विषयमा अन्य कुनै किसिमले व्यावसायिक रुपमा सेवा उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

२६ख. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने: (१) घर जग्गा सम्बन्धी कारोबार गर्न इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिए बमोजिमका विवरण, कागजात र दस्तुर सहित नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अधिकारी तोक्दा नेपाल सरकारले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकारीलाई तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सम्बन्धित अधिकारीले तोकिए बमोजिमका सर्त उल्लेख गरी निवेदकलाई घर जग्गा सम्बन्धी कारोबार गर्न इजाजतपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको इजाजतपत्र पाँच वर्षको लागि मान्य हुनेछ।

(५) इजाजतपत्रको ढाँचा, नवीकरण, नवीकरण दस्तुर तथा सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६ग. <u>निरीक्षण तथा सुपरिवेक्षण गर्नेः</u> (१) इजाजतपत्र दिने अधिकारीले इजाजतपत्र प्राप्त व्यक्तिलाई निर्देशन दिन, निरीक्षण र सुपरिवेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारीले दिएको निर्देशनको पालना गर्नु तथा निरीक्षण तथा सुपरिवेक्षणको क्रममा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउनु र माग गरेको विवरण तथा कागजात उपलब्ध गराउनु इजाजतपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

२६घ. <u>इजाजतपत्र खारेज गर्न सक्नेः</u> यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र जारी गर्ने अधिकारीले देहायको अवस्थामा जुनसुकै बखत इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र लिएमा,

(ख) इजाजतपत्र जारी गर्दाका बखत तोकिएका सर्त उल्लङ्घन गरेमा,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम

बमोजिम इजाजतपत्र दिने अधिकारीले दिएको निर्देशनको उल्लङ्घन गरेमा, वा

(घ) इजाजतपत्र नवीकरण नगराएमा।

२६ङ. <u>सजायः</u> (१) कसैले इजाजतपत्र नलिई घरजग्गा सम्बन्धी करोबार गरेमा कारोबारको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा पच्चीस लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) इजाजतपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा इजाजतपत्र प्रदान गर्दाको सर्त विपरीत घरजग्गा सम्बन्धी कारोबार गरेमा इजाजतपत्र दिने अधिकारीले त्यस्तो व्यक्तिलाई कारोबारको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा दश लाख रुपैयाँ जरिबाना गर्न सक्नेछ।

२६च. <u>नेपाल सरकार वादी भई मुद्दा दायर गरिने:</u> दफा २६ङ. को उपदफा (१) अन्तर्गत सजाय हुने मुद्दामा नेपाल सरकार वादी भई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिनेछ र त्यस्तो

मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।”

(३) दफा ३१ मा रहेका "मालपोत कार्यालयले" भन्ने शब्दहरूको सट्टा "मालपोत कार्यालय वा दफा २६ख. बमोजिम तोकिएको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

५. **<u>पर्यटन ऐन, २०३५ मा संशोधनः</u>** पर्यटन ऐन, २०३५ को,-

(१) दफा २ को खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन्:-

(ङ१) “क्यासिनो” भन्नाले पर्यटकको मनोरञ्जनको लागि परम्परागत रुपमा वा आधुनिक मेशिन वा विद्युतीय उपकरणको माध्यमबाट बाजी (बेट) राखी रकम जित वा हार हुने गरी खेलिने जुवा वा सट्टाबाजी वा त्यस्तै किसिमको कुनै खेल खेलाउने व्यवसाय सम्झनु पर्छ।

(ङ२) “विभाग” भन्नाले पर्यटन विभाग सम्झनु पर्छ।"

(२) दफा ७क. झिकिएका छन्।

(३) दफा ७क. पछि देहायका दफा ७ख. र ७ग. थपिएका छन्:-

"७ख. <u>इजाजतपत्र खारेज गर्न सक्नेः</u> दफा ७ बमोजिम निलम्बन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि

समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा नेपाल सरकारले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र तोकिए बमोजिम खारेज गर्न सक्नेछ।

७ग. प्रदेशमा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र र नवीकरणः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट इजाजतपत्र लिई यस ऐन बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र लिन चाहने व्यक्तिलाई इजाजतपत्र दिने, नवीकरण गर्ने, निलम्बन गर्ने, खारेज गर्ने सम्बन्धमा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नेपाल सरकारलाई भएको अधिकार प्रदेश सरकारले समेत प्रयोग गर्नेछ।"

(४) परिच्छेद- ५क. पछि देहायको परिच्छेद- ५ख. थपिएको छः-

"परिच्छेद- ५ख.

क्यासिनो सञ्चालन सम्बन्धी व्यवस्था

४५घ. इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन नहुनेः कसैले पनि यस

ऐन बमोजिम इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन हुँदैन।

४५ङ. <u>कम्पनी संस्थापना गर्नु पर्ने</u>: यस ऐन बमोजिम क्यासिनो सञ्चालन गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको चुक्ता पुँजी कायम गरी प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गर्नु पर्नेछ।

४५च. <u>पूर्व स्वीकृति लिनु पर्ने</u>: (१) दफा ४५ङ. बमोजिम कम्पनी स्थापना गर्नुअघि विभागबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति लिन चाहने व्यक्तिले तोकिएको स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न दिएको लिखित सहमति, तोकिए बमोजिमको विवरण, कागजात र दस्तुर सहित विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकले आवश्यक विवरण तथा कागजात पेश गरेको पाइएमा विभागले क्यासिनो सञ्चालनको लागि तयार गर्नु पर्ने पूर्वाधार तथा सर्त तोकी निवेदकलाई पूर्व स्वीकृति दिन सक्नेछ।

४५छ. <u>पूर्व स्वीकृति नदिइने</u>: (१) दफा ४५च. मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विभागले क्यासिनो सञ्चालन गर्ने कम्पनी संस्थापना गर्नको लागि पूर्व स्वीकृति दिने छैनः-

(क) प्रस्तावित कम्पनी वा क्यासिनोको नाम पहिले नै संस्थापना भएको कम्पनी वा इजाजतपत्र प्राप्त क्यासिनोसँग मिल्ने भएमा,

(ख) प्रस्तावित कम्पनीको तोकिए बमोजिमको चुक्ता पुँजी नभएमा,

(ग) धार्मिक वा साँस्कृतिक दृष्टिले संवेदनशील मानिएको क्षेत्रमा क्यासिनो सञ्चालन गर्न प्रस्ताव गरेमा,

(घ) अन्तर्राष्ट्रिय सीमा क्षेत्रबाट पाँच किलोमिटरको दूरीभित्र क्यासिनो सञ्चालन गर्न प्रस्ताव गरेमा,

(ङ) प्रस्तावित कम्पनीको कुनै सञ्चालकको

सम्बन्धमा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा,-

(१) कुनै कारोबारको सम्बन्धमा प्रचलित कानून बमोजिम कालोसूचीमा परेकोमा सो अवधि ननाघेको,

(२) प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै निकायलाई कुनै कर, शुल्क, रकम वा अदालतको आदेश बमोजिम तिर्नु पर्ने जरिबाना वा क्षतिपूर्ति तिर्न बुझाउन बाँकी भएको,

(३) दामासाहीमा परेकोमा प्रचलित कानून बमोजिम दामासाहीमा परेको हैसियत अन्त्य नभएको,

(४) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा वा कुनै नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट भएको सजाय भुक्तान गरेको पाँच वर्ष ननाघेको।

(२) उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि चार तारा वा सोभन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टमा तोकिए बमोजिमको सुरक्षा मापदण्ड पूरा गरी

क्यासिनो सञ्चालन गर्न पूर्व स्वीकृति दिन बाधा पर्ने छैन।

४५ज. <u>इजाजतपत्र दिने:</u> (१) दफा ४५ङ. बमोजिम संस्थापना भएको कम्पनीले क्यासिनो सञ्चालनको लागि आवश्यक पूर्वाधार तथा योग्यता (फिट एण्ड प्रपर टेष्ट) सम्बन्धी सर्त पूरा गरी तोकिए बमोजिमको विवरण तथा कागजात सहित क्यासिनो सञ्चालनको इजाजतपत्रको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदन साथ संलग्न गर्नु पर्ने विवरण तथा कागजात संलग्न गरेको र तोकिए बमोजिमका पूर्वाधार तथा योग्यता (फिट एण्ड प्रपर टेष्ट) सम्बन्धी सर्त पूरा गरेको पाइएमा विभागले तोकिए बमोजिमको दस्तुर लिई निवेदक कम्पनीलाई आवश्यक सर्त तोकी क्यासिनो सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिंदा एक कम्पनीलाई एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न इजाजतपत्र दिइने छैन।

(४) यो परिच्छेद प्रारम्भ हुँदाका बखत कुनै कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको रहेछ भने संवत् २०८२ साल असार मसान्तभित्र सो कम्पनीले रोजेको कुनै एक क्यासिनो मात्र सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम कम्पनीले सञ्चालनको लागि रोजेको क्यासिनो बाहेक सञ्चालनमा रहेका अन्य क्यासिनो सञ्चालन गर्न चाहेमा क्यासिनो सञ्चालनमा राखी संवत् २०८५ साल चैत्र मसान्तभित्र अलग अलग कम्पनी स्थापना गरी यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम क्यासिनो सञ्चालन गर्न वा उपदफा (५) बमोजिम इजाजतपत्र लिनको लागि त्यस्ता क्यासिनोले नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रोयल्टी, शुल्क र थप शुल्क तथा बुझाउन बाँकी बक्यौता बुझाउनु पर्नेछ।

४५झ. जमानत पेश गर्नेः (१) दफा ४५ज. बमोजिम क्यासिनो सञ्चालनको इजाजतपत्र दिने निर्णय गर्नुअघि विभागले अवधि तोकी सम्बन्धित कम्पनीलाई जमानत बापत तोकिए

बमोजिमको रकम वा सो बराबरको बैङ्क ग्यारेण्टी पेश गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र जमानत बापतको रकम वा बैङ्क ग्यारेण्टी पेश नगर्ने कम्पनीलाई इजाजतपत्र दिइने छैन।

४५ञ. <u>क्यासिनो सञ्चालन:</u> (१) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो परिच्छेद प्रारम्भ हुँदाका बखत कुनै कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको रहेछ भने त्यस्ता क्यासिनोको हकमा दफा ४५ज. को उपदफा (४) बमोजिमको अवधिभित्र रोजेको कुनै एक क्यासिनो सञ्चालन गरी अन्य क्यासिनोको हकमा सोही दफाको उपदफा (५) बमोजिम गर्न सक्नेछ।

(३) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले आफूले प्राप्त गरेको क्यासिनो सञ्चालनको इजाजतपत्र अरू कसैलाई कुनै किसिमले प्रयोग गर्न दिनु हुँदैन र कसैले पनि अरू कसैको क्यासिनो

सञ्चालनको इजाजतपत्र लिई क्यासिनो सञ्चालन गर्नु हुँदैन।

(४) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा क्यासिनो खेल्ने व्यक्तिको तोकिए बमोजिमको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(५) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गर्ने र त्यस्तो कम्पनीमा नियन्त्रण गर्ने हैसियत भएको कुनै व्यक्ति, कम्पनी वा संस्थाले क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीको कुल चुक्ता पुँजीको दश प्रतिशत वा सोभन्दा बढी शेयर वा स्वामित्व खरिद, बिक्री वा कुनै तरिकाले हस्तान्तरण गर्नुअघि विभागबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

(६) यो परिच्छेद प्रारम्भ हुनुअघि क्यासिनो सञ्चालन गर्न क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीले यस परिच्छेद बमोजिम कायम गर्नु पर्ने पूर्वाधार तथा मापदण्ड पूरा गरेको नभएमा यो दफा प्रारम्भ भएको मितिले

तीन वर्षभित्र त्यस्तो पूर्वाधार तथा मापदण्ड पूरा गरिसक्नु पर्नेछ।

(७) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिले ग्राहकबाट कर बापत कट्टा गरिएको रकम कट्टा भएकै दिन राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(८) दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) मा लेखिएको कुनै व्यवस्थाले यो दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त गरी अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट तीन किलोमिटरको दूरी कायम गरी सञ्चालनमा रहेका क्यासिनोले यस परिच्छेद बमोजिमको अन्य मापदण्ड पूरा गरी सोही स्थानमा सञ्चालन तथा नवीकरण गर्न बाधा पारेको मानिने छैन।

(९) यो दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त गरी कुनै क्यासिनोले अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट तीन किलोमिटरको दूरी कायम गरी दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) बमोजिमको दूरी कायम नगरेको भए यो परिच्छेद प्रारम्भ भएको मितिले

तीन वर्षभित्र सोही दफाको उपदफा (२) बमोजिमको स्तर र मापदण्ड पूरा गरी क्यासिनो सञ्चालन गर्न वा अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट पाँच किलोमिटरको दूरी कायम गर्ने गरी स्थानान्तरण गर्नु पर्नेछ।

(१०) यो परिच्छेद प्रारम्भ हुँदाका बखत प्राप्त गरेको क्यासिनो सञ्चालनको इजाजतपत्र यस परिच्छेदको अधीनमा रही यसै ऐन बमोजिम प्राप्त गरेको मानिनेछ।

४५ट. क्यासिनो सञ्चालनको इजाजतपत्रको अवधि र नवीकरणः (१) क्यासिनो सञ्चालनको इजाजतपत्र एक आर्थिक वर्षको लागि मान्य हुनेछ।

(२) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिले क्यासिनो सञ्चालनको इजाजतपत्रको मान्य अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै तोकिए बमोजिमको दस्तुर तिरी नवीकरणको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले क्यासिनो सञ्चालनको इजाजतपत्रको मान्य अवधि

समाप्त हुनु अगावै क्यासिनो सञ्चालनको इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(४) क्यासिनो सञ्चालनको इजाजतपत्र नवीकरण गराउनको लागि उपदफा (२) बमोजिम निवेदन नदिएमा क्यासिनो सञ्चालनको इजाजतपत्रको मान्य अवधि व्यतित भएपछि त्यस्तो क्यासिनो सञ्चालनको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(५) क्यासिनो सञ्चालनको इजाजतपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५ठ. <u>होटल वा रिसोर्ट परिवर्तन गर्न स्वीकृति लिनु पर्नेः</u> (१) इजाजतपत्रवालाले यस ऐन बमोजिम क्यासिनो सञ्चालनको इजाजतपत्र लिँदा क्यासिनो सञ्चालन गर्नको लागि प्रस्ताव गरेको होटल वा रिसोर्टभन्दा अर्को होटल वा रिसोर्टमा क्यासिनो सञ्चालन गर्ने गरी परिवर्तन गर्नु परेमा विभागको स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिवर्तन गर्न चाहेको होटल वा रिसोर्टमा क्यासिनो सञ्चालन सम्बन्धमा यस परिच्छेद बमोजिमका पूर्वाधार र मापदण्ड पूरा गरेको देखिएमा होटल वा

रिसोर्ट परिवर्तनको लागि विभागले स्वीकृति दिनु पर्नेछ।

४५ड. <u>नियमन तथा सुपरिवेक्षणः</u> (१) क्यासिनो सञ्चालन सम्बन्धी कामकारबाहीको नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्ने अधिकार विभागलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम नियमन तथा सुपरिवेक्षणको सिलसिलामा विभाग वा विभागले खटाएको अधिकारीले इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिलाई कुनै आदेश वा निर्देशन दिन वा अनुगमन तथा सुपरिवेक्षण गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन तथा सुपरिवेक्षण गर्दा सम्बन्धित अधिकारीले इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य कुनै सम्बद्ध व्यक्तिसँग क्यासिनो सम्बन्धी कुनै विवरण, कागजात, सूचना तथा विद्युतीय माध्यमबाट सिर्जना गरिएका अन्य विवरण तथा कुनै जानकारी माग गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम अनुगमन तथा सुपरिवेक्षणको क्रममा

सम्बन्धित अधिकारीले क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) यस दफा बमोजिम अनुगमन तथा सुपरिवेक्षण गर्ने अधिकारीले अनुगमन तथा सुपरिवेक्षणको क्रममा माग गरेको विवरण, कागजात वा जानकारी उपलब्ध गराउनु वा विभाग वा विभागले खटाएको अधिकारीले दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त कम्पनी, क्यासिनो सञ्चालक, व्यवस्थापक, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिमको कर्तव्य पालना नगर्ने क्यासिनोको सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई सो पदबाट हटाउन वा त्यस्तो क्यासिनो सञ्चालनमा रोक लगाउन विभागले सम्बन्धित इजाजतपत्र प्राप्त कम्पनीलाई आदेश दिन सक्नेछ।

४५ढ. इजाजतपत्र खारेज गर्न सक्नेः (१) देहायको कुनै अवस्थामा विभागले क्यासिनो सञ्चालनको इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) झुट्टा विवरण पेश गरी क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त गरेको पाइएमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली वा क्यासिनो सञ्चालनको इजाजतपत्रमा तोकिएको सर्त तथा मापदण्ड उल्लङ्घन गरेमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली वा अन्य प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना नबुझाएमा,

(घ) दफा ४५ञ. को उपदफा (४)

बमोजिम अद्यावधिक विवरण नराखेको वा गलत विवरण दिएको वा तयार गरेको पुष्टि भएमा,

(ङ) दफा ४५ड. बमोजिम दिएको आदेश वा निर्देशन पालना नगरेमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि इजाजतपत्र प्राप्त व्यक्तिलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्ने गरी विभागले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले उपदफा (१) को खण्ड (ग) बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना बापतको रकम धरौटी राखी निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

४५ण. <u>सजायः</u> (१) कसैले क्यासिनो सञ्चालनको इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गरेमा वा दफा

४५ञ. को उपदफा (१), (२), (३), (४) वा (५) विपरीत कुनै कार्य गरेको पाइएमा विभागले तत्काल त्यस्तो क्यासिनो बन्द गराउने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश विपरीत क्यासिनो सञ्चालन गर्ने व्यक्ति वा इजाजतपत्रवालालाई एक करोड रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो कार्यमा प्रमुख भई काम गर्ने व्यक्ति वा सोको मुख्य भई काम गर्ने सञ्चालकलाई एक वर्षदेखि तीन वर्षसम्म कैद हुनेछ।

(३) उपदफा (१) बमोजिम बन्द गरिएको क्यासिनोमा प्रयोग गरिएको जुनसुकै प्रकारको यन्त्र, उपकरण, नगद, जिन्सी वा सोसँग सम्बन्धित जुनसुकै वस्तुलाई कसूरजन्य सम्पत्ति मानी जफत गरिनेछ।

(४) इजाजतपत्र प्राप्त कम्पनीले दफा ४५ड. बमोजिम दिइएको आदेश वा निर्देशन पालना गरेको नपाइएमा विभागको महानिर्देशकले पहिलो पटकको लागि पच्चीस लाख रूपैयाँदेखि पचास लाख रूपैयाँसम्म जरिबाना र

त्यसपछि पटकैपिच्छे दोब्बर रकम जरिबाना गर्न सक्नेछ।

(५) यस दफा बमोजिम लागेको जरिबाना वा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्न वा बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, रोयल्टी वा जरिबाना बापतको रकम तोकिएको अवधिभित्र नबुझाएमा त्यस्तो रकम दफा ४५झ. बमोजिम पेश गरेको जमानतबाट असुल गरिनेछ। त्यसरी रकम असुल गर्दा समेत कुनै रकम बाँकी हुन आएमा बाँकी रकम इजाजतपत्र प्राप्त कम्पनीको सञ्चालकबाट सरकारी बाँकी सरह असुल गरिनेछ।

४५त. <u>नेपाल सरकार वादी हुनेः</u> दफा ४५ण. को उपदफा (२) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।"

६. **<u>भवन ऐन, २०५५ मा संशोधनः</u>** भवन ऐन, २०५५ को दफा ११ को उपदफा (३) को,-

(१) खण्ड (क) मा रहेका "सम्बन्धित डिजाइनकर्ताबाट" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित क्षेत्रमा कम्तीमा

पाँच वर्षको अनुभव प्राप्त डिजाइनकर्ताबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) मा रहेका "दर्ता भएको" भन्ने शब्दहरूको सट्टा "दर्ता भई सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा संशोधनः</u>** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को,-

(१) दफा ५ को उपदफा (१) को खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन्: -

"(च१) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने,

(च२) पचास करोड रुपैयाँभन्दा बढी शेयर पुँजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा सहकारी विभागको अनुरोधमा सहकारी सम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,"

(२) दफा १०० पछि देहायको दफा १००क. थपिएको छः-

"१००क. <u>नियमन उल्लङ्घन गरेमा सजाय हुनेः</u> पचास करोड रुपैयाँभन्दा बढी शेयर पुँजी भएको वा सो रकम बराबरको वार्षिक

कारोबार गर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यस ऐन तथा प्रचलित कानून बमोजिम बैङ्कले जारी गरेको आदेश वा निर्देशनको उल्लङ्घन गरेमा त्यस्तो सहकारी संस्था वा त्यस्तो सहकारीको सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई दफा ९९ बमोजिम जरिबाना गर्न वा दफा १०० बमोजिम सजाय गर्न सक्नेछ।"

८. **<u>दामासाही सम्बन्धी ऐन, २०६३ मा संशोधनः</u>** दामासाही सम्बन्धी ऐन, २०६३ को,-

(१) दफा १५ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (४) बमोजिम निवेदन दिँदा कम्पनीको कुल सम्पत्तिको पचास प्रतिशत वा सोभन्दा बढी सम्पत्ति वा जायजेथा बेचबिखन गर्नु पर्ने रहेछ भने सो सम्बन्धमा साहुहरूको सभा वा समूहबाट निर्णय गराई त्यस्तो निर्णयको प्रमाणित प्रति साथै राखी निवेदन दिनु पर्नेछ।"

(२) दफा २० मा रहेका "टेलिफोन वा अन्य दूरसञ्चारका सेवा जस्ता" भन्ने शब्दहरूको सट्टा "दूरसञ्चार सेवा वा कम्पनीको नियमित व्यवसाय सञ्चालनका लागि करार बमोजिम आपूर्ति हुँदै आएका अन्य" भन्ने शब्दहरू राखी सोही दफाको ठाउँ ठाउँमा रहेका "सेवा" भन्ने शब्दको सट्टा "वस्तु वा सेवा" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. करार भङ्ग गर्न सक्ने: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० को उपदफा (२) बमोजिम कुनै कम्पनीको सम्बन्धमा दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न अदालतले आदेश दिएकोमा त्यस्तो आदेश दिएको मितिदेखि सो कम्पनीले विगतमा गरेको वस्तु वा सेवा आपूर्ति सम्बन्धी कुनै करारलाई निरन्तरता दिंदा कम्पनीको दायित्व अनावश्यक रुपमा बढ्न सक्ने देखिएमा अदालतको अनुमति लिई कम्पनी वा लिक्विडेटरले त्यस्तो करार भङ्ग गर्न सक्नेछ।"

(४) दफा २४ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) उपदफा (७) बमोजिमको प्रस्ताव उपर मतदान गर्दा धितो नलिई कम्पनीलाई ऋण दिने असुरक्षित साहुहरूलाई उनीहरूले दिएको ऋण वा कम्पनीको दायित्वको अनुपातको आधारमा छुट्टाछुट्टै मतदान गर्ने व्यवस्था मिलाइनेछ।

तर सुरक्षित साहुले मतदान गर्न पाउने छैन।"

(५) दफा ३१ को उपदफा (२) को खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर पचास प्रतिशत वा सोभन्दा बढी सम्पत्तिको अन्त्य वा बेचबिखन गर्नु परेमा साहुहरूको सभा वा समूहबाट निर्णय गराउनु पर्नेछ।"

(६) दफा ३४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम पुनर्संरचना कार्यक्रम कार्यान्वयन गर्दा सबै असुरक्षित साहुहरूलाई समान व्यवहार गरिनेछ।"

(७) दफा ७१ को सट्टा देहायको दफा ७१ राखिएको छः-

"७१. <u>सूचना वा जानकारी दिनु पर्नेः</u> यस ऐन बमोजिम कम्पनीको पुनर्संरचना कार्यक्रम कार्यान्वयन गर्दा वा दामासाही सम्बन्धमा गरेको कुनै निर्णय, कामकारबाही वा कम्पनीको वित्तीय कारोबारको सम्बन्धमा अदालत, कार्यालय वा कुनै साहुले कुनै सूचना वा जानकारी मागेमा सम्बन्धित जाँचबुझ अधिकारी, पुनर्संरचना व्यवस्थापक वा लिक्विडेटरले सम्बन्धित अदालत, कार्यालय वा साहुलाई अविलम्ब त्यस्तो सूचना वा जानकारी दिनु पर्नेछ।"

९. **<u>धितोपत्र सम्बन्धी ऐन, २०६३ मा संशोधनः</u>** धितोपत्र सम्बन्धी ऐन, २०६३ को,-

(१) दफा ७ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको पद रिक्त भएमा, उपदफा (७) बमोजिम नेपाल सरकारले निजलाई पदबाट हटाएमा वा निज निलम्बनमा परी बोर्डको कामकाज गर्न नमिल्ने भएमा बोर्डमा अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बोर्डको अध्यक्षको हैसियतमा काम गर्नेछ।"

(२) दफा ८६ को ठाउँ ठाउँमा रहेका "दफा १०३ बमोजिम तहकिकात गर्दा तहकिकात गर्ने अधिकारीले" भन्ने शब्दहरुको सट्टा "यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १०० मा रहेका "दफा १०३ बमोजिम तहकिकात गर्न तोकिएको अधिकारीले तहकिकातको" भन्ने शब्दहरुको सट्टा "यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने अधिकारीले अनुसन्धानको" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १०३ को सट्टा देहायको दफा १०३ राखिएको छः-

"१०३. <u>प्रारम्भिक जाँचबुझ गर्नेः</u> (१) कसैले दफा ९१, ९४, ९५, ९६, ९७, ९८, ९९ वा १०० बमोजिमको कसूर गरेको छ भनी कसैको उजुरी बोर्ड वा यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने

निकायमा परेमा वा त्यस्तो कसूर सम्बन्धी जानकारी कुनै व्यहोराले बोर्डलाई प्राप्त भएमा वा त्यस्तो कसूर भएको छ भन्ने लागेमा अध्यक्षले तत्काल बोर्डको अधिकृतस्तरको कर्मचारी मार्फत त्यस्तो उजुरीको प्रारम्भिक जाँचबुझ गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अधिकृतले उजुरीको प्रारम्भिक जाँचबुझ गर्दा कसूरसँग सम्बन्धित व्यक्ति वा संस्थासँग सोधपुछ गर्न, आवश्यक कागज, विवरण तथा अभिलेख माग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसूर गरेको देखिएमा त्यस्तो कसूरमा अनुसन्धान गर्न उजुरी, सङ्कलित विवरण तथा प्रमाण सहितको मिसिल कागजात तीस दिनभित्र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुसन्धानको लागि उजुरी सहित मिसिल कागजात पठाउँदा बोर्डको तर्फबाट अनुसन्धानमा समन्वय तथा सहयोग गर्नको लागि बोर्डको कुनै अधिकृतको नाम समेत खुलाई पठाउन सकिनेछ।"

(५) दफा १०३ पछि देहायको दफा १०३क. थपिएको छः-

"१०३क. <u>अनुसन्धान गरी मुद्दा दायर गर्नेः</u> (१) दफा १०३ बमोजिम अनुसन्धानको लागि उजुरी सहित मिसिल कागजात प्राप्त भएमा वा आफूलाई प्राप्त उजुरी वा जानकारीको सम्बन्धमा प्रारम्भिक जाँचबुझको लागि बोर्डमा पठाइएकोमा बोर्डबाट दफा १०३ को उपदफा (३) बमोजिमको अवधिभित्र कुनै निर्णय नभएमा त्यस्तो उजुरीको सम्बन्धमा समेत प्रहरी प्रधान कार्यालयले कम्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकी कसूरको अनुसन्धान गराउनु पर्नेछ। त्यसरी अनुसन्धान गर्दा बोर्डसँग आवश्यक समन्वय गर्न तथा सहयोग लिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धान गरी प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भएमा अनुसन्धानको काम पूरा भएको पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।"

(६) दफा १०४ को ठाउँ ठाउँमा रहेको "बोर्डले" भन्ने शब्दको सट्टा "यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

१०. **<u>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधनः</u>** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्ः-

"(ग) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्ठा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानूनी रूपमा प्रवेश गराउने मानव तस्करी सम्बन्धी कार्य गरे वा गराएमा।

(घ) किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालको मार्ग प्रयोग गरी अर्को मुलुकमा पठाउने वा कुनै मुलुकमा पठाउने उद्देश्यको लागि नेपाल ल्याउने।"

(२) दफा १४ को उपदफा (१) मा रहेका "तथा पीडितलाई कसूरदारबाट ऐनको दफा १७ को उपदफा (१क) बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध" भन्ने शब्दहरु झिकिएका छन्।

(३) दफा १५ को,-

(क) उपदफा (१) को खण्ड (छ) मा रहेका "खण्ड (ख)" भन्ने शब्दहरु पछि "वा खण्ड (ग)" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (४) मा रहेका "मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम हाडनाता करणीको कसूरमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १७ को उपदफा (१क) मा रहेका "अदालतले दफा १४ बमोजिमको पुनःस्थापना कोषबाट" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम स्थापित पीडित राहत कोषबाट" भन्ने शब्दहरु राखिएका छन्।

११. **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा संशोधनः** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "अनुसन्धान अधिकारी" भन्नाले दफा १५ बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी सम्झनु पर्छ र सो शब्दले अनुसन्धानको लागि टोली गठन भएकोमा त्यस्तो टोलीलाई समेत जनाउनेछ।"

(ख) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "आतङ्ककारी कार्य" भन्नाले प्रचलित कानून बमोजिम आतङ्ककारी कार्य सम्बन्धी कसूर मानिने कार्य सम्झनु पर्छ।"

(ग) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ्ग)" भन्नाले प्रचलित कानून विपरीत कुनै आणविक, रासायनिक, जैविक (जीवाणुयुक्त) वा विषालु हातहतियारको विकास, निर्माण, उत्पादन, खरिद वा बिक्री, वितरण, प्रयोग, कब्जा, स्वामित्व प्राप्ति, हस्तान्तरण, भण्डारण, सञ्चय,

ओसारपसार वा त्यसको व्यवस्थापन, निकासी वा पैठारी गर्ने, गराउने कार्यको लागि गरिने सम्पत्ति वा कोषको लगानी सम्झनु पर्छ।"

(घ) खण्ड (ड) मा रहेका "भौतिक वा अभौतिक" भन्ने शब्दहरू पछि "वा प्राकृतिक, विद्युतीय वा डिजिटल" भन्ने शब्दहरू थपिएका छन्।

(ङ) खण्ड (ढ) को,-

(१) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छः-

"(२क) सवारी साधन बिक्री गर्ने व्यवसायी वा त्यस्तो साधन खरिद गर्न कर्जा प्रवाह गर्ने व्यवसायी,"

(२) उपखण्ड (४) को देहाय (ङ) मा रहेका "सञ्चालन वा व्यवस्थापन, वा" भन्ने शब्दहरूको सट्टा "लेखा, राजस्व, वित्तीय वा व्यावसायिक राय परामर्श वा सञ्चालन, व्यवस्थापन," भन्ने शब्दहरू राखिएका छन्।

(३) उपखण्ड (४) को देहाय (ङ) पछि देहायको (ङ१) थपिएको छः-

"(ङ१) दफा ७ध. को प्रयोजनको लागि लेखापरीक्षण, वा"

(च) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएको छः-

"(त१) "निर्देशक समिति" भन्नाले दफा ७ब. बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।"

(छ) खण्ड (ब) को उपखण्ड (१३) पछि देहायको उपखण्ड (१३क) थपिएको छः-

"(१३क) दफा ७ख., ७घ., ७त., ७ध. र १०क. को प्रयोजनको लागि इन्भेष्टमेन्ट कम्पनी, इक्विटी फण्ड वा यस्तै कार्य गर्ने,"

(ज) खण्ड (ल) पछि देहायको खण्ड (ल१) थपिएको छः-

"(ल१) "समन्वय समिति" भन्नाले दफा ७भ. बमोजिमको समन्वय समिति सम्झनु पर्छ।"

(२) दफा ४ को,-

(क) उपदफा (१) मा रहेका "वा आतङ्ककारी सङ्गठनले" भन्ने शब्दहरूको सट्टा ", आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकुले" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "अप्रत्यक्ष रुपमा" भन्ने शब्दहरू पछि "त्यस्तो व्यक्ति वा सङ्गठनलाई" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (२) मा रहेका "उद्योग गर्न" भन्ने शब्दहरुको सट्टा "मतसल्लाह गर्न, सहजीकरण गर्न, दुरुत्साहन दिन, मद्दत गर्न

वा उद्योग गर्न" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (३) मा रहेका "वा आतङ्ककारी सङ्गठनलाई" भन्ने शब्दहरूको सट्टा ", आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकुलाई" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (५) को,-

(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) आतङ्ककारी कार्यको तयारी गर्न, योजना गर्न, सहभागी हुन, आतङ्ककारी कार्य गर्ने वा गराउने उद्देश्यले तालिम दिन वा लिन एक देश वा स्थानबाट अर्को देश वा स्थानमा जाने व्यक्तिलाई जानीजानी यात्रा वा अन्य त्यस्तै कार्यका लागि प्रत्यक्ष वा अप्रत्यक्ष खर्चको लागि सम्पत्ति वा कोष उपलब्ध गराइएको भएमा।"

(२) खण्ड (ङ) मा रहेका "आतङ्ककारी व्यक्ति वा आतङ्ककारी सङ्गठन" भन्ने शब्दहरूको सट्टा "आतङ्ककारी व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी

आतङ्ककारी लडाकु" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ४ पछि देहायको दफा ४क. थपिएको छः-

"४क. <u>कसूर गरेको मानिनेः</u> यस ऐन बमोजिम जारी भएको कुनै मापदण्डको परिपालना गर्ने वा गराउने जिम्मेवारी भएको व्यक्तिले दफा ३,४ वा ५ बमोजिमको कसूर गर्ने वा गराउने उद्देश्यले त्यस्तो मापदण्ड उल्लङ्घन गरे वा गराएमा कसूर गरेको मानिनेछ।"

(४) दफा ७ज. को उपदफा (२) मा रहेका "कारोबार गरेपछि पनि" भन्ने शब्दहरुको सट्टा "कारोबार गरेपछि बढीमा तीन दिनभित्र यथासक्य छिटो" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ७ड. को उपदफा (१) को खण्ड (ज) मा देहायको स्पष्टीकरण थपिएको छः-

"<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनका लागि "भुक्तानी दिने खाता (पेएबल थ्रु एकाउण्ट)" भन्नाले कारोबारको सम्बन्ध रहेको तेस्रो पक्षले समेत प्रत्यक्ष रुपमा प्रयोग गर्ने करेस्पोण्डेण्ट खाता सम्झनु पर्छ।"

(६) दफा ७त. को,-

(क) उपदफा (२) को खण्ड (छ) पछि देहायका खण्ड (छ१) र (छ२) थपिएका छन्ः -

"(छ१) दफा ७ञ., ७ठ. र ७ड. सँग सम्बन्धित काम वा

कारोबारको सिलसिलामा सम्बन्धित संस्थासँग सूचना आदानप्रदान गर्ने व्यवस्था,

(छ२) ग्राहकको पहिचानको सम्पुष्टि तथा व्यावसायिक सम्बन्धको प्रयोग र सर्तको पालनाको सम्बन्धमा जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था,"

(ख) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्:-

"(५) सूचक संस्थाले प्रचलित कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा कम्तीमा एक पटक र आवश्यकता अनुसार एक पटकभन्दा बढी जोखिममा आधारित संस्थागत नीति, कार्यविधि तथा कार्ययोजना अद्यावधिक गरी नियमनकारी निकायमा पेश गर्नु पर्नेछ।

(६) सूचक संस्थाले यस ऐन बमोजिम गर्नु पर्ने ग्राहकको पहिचान, कारोबारको अनुगमन, निर्धारित सीमाभन्दा बढीको कारोबार वा

शङ्कास्पद कारोबारको पहिचान तथा सोको आधार, जोखिम मूल्याङ्कन तथा व्यवस्थापन, नीति तथा कार्यविधिको कार्यान्वयन तथा यस ऐन बमोजिम गर्नु पर्ने अन्य कामकारबाही विद्युतीय माध्यमबाट समेत गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

तर नियमनकारी निकायले जोखिम मूल्याङ्कनको आधारमा कम जोखिम देखिएको क्षेत्रको सूचक संस्थाको यस उपदफा बमोजिमको कुनै कामकारबाही विद्युतीय माध्यमबाट गर्न नपर्ने गरी छुट दिन सक्नेछ।"

(७) दफा ७द. को उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) यस ऐन वा प्रचलित कानून बमोजिम सूचक संस्थाले ग्राहकबाट लिएको सूचना तथा विवरण प्रचलित कानून बमोजिम प्रकट गर्नु पर्ने अवस्थामा बाहेक गोप्य राख्नु पर्नेछ। कसैले त्यस्तो गोप्यता भङ्ग गरेमा नियमनकारी निकायले त्यस्तो सूचक संस्थालाई दफा ७फ. बमोजिम कारबाही गर्न सक्नेछ।"

(८) दफा ७ध. को,-

(क) उपदफा (१) मा रहेका "तीन दिनभित्र यथासक्य चाँडो" भन्ने शब्दहरुको सट्टा

"सोको जाँझबुझ गरी तत्काल" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (क) मा रहेका "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी" भन्ने शब्दहरुको सट्टा "सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) वा (२) बमोजिम शङ्कास्पद कारोबार देखिएको ग्राहकको पहिचान, सम्पुष्टि वा त्यस्तै अन्य कुनै कार्य गर्दा सोको जानकारी ग्राहकले पाउन सक्छ भन्ने सूचक संस्थालाई लागेमा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश गरेपछि ग्राहक पहिचान वा सम्पुष्टि अध्यावधिक गर्नु पर्नेछ।"

(९) दफा ७ध. पछि देहायको दफा ७ध१. थपिएको छः-

"७ध१. <u>यस परिच्छेदको व्यवस्था कार्यान्वयन गर्नु पर्नेः</u> सूचक संस्थाले आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीका सन्दर्भमा समेत यस परिच्छेद बमोजिमको व्यवस्था कार्यान्वयन गर्नु पर्नेछ।"

(१०) दफा ७प. को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (ङ) मा रहेका "वित्तीय लगायत" भन्ने शब्दहरुको सट्टा "वित्तीय, गैरकानूनी आर्जन वा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आपराधिक संलग्नता लगायत" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी अन्तर्राष्ट्रिय रुपमा पहिचान भएको मुलुकको ग्राहक, ग्राहक पहिचान, कारोबार, सो सम्बन्धमा सूचक संस्थाले गर्नु पर्ने जोखिम मूल्याङ्कन सम्बन्धमा आवश्यक निर्देशन वा मापदण्ड जारी गर्ने र सोको पालना भए वा नभएको अनुगमन गर्ने,"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) सूचक संस्थाले शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश नगरेको वा सूचक संस्थामा शङ्कास्पद कारोबार वा कार्य भएको देखिएमा सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिने र कसूरजन्य कार्य भएको देखिएमा अनुसन्धानको लागि अधिकारप्राप्त अधिकारी समक्ष लेखी पठाउने,"

(४) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी निवारण समेतका विषयको पालनाको सन्दर्भमा सम्बन्धित अन्तरसरकारी अन्तर्राष्ट्रिय संस्थाले सार्वजनिक गरेको वर्गीकरणको बारेमा नियमित रुपमा आफ्नो

वेबसाइटमा सूचना प्रकाशन गर्ने,"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) नियमनकारी निकायले आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा उपदफा (१) वा (२) बमोजिमको काम, कर्तव्य र अधिकारको समेत प्रयोग गर्नेछ।"

(११) दफा ७फ. को,-

(क) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा जारी गरेको निर्देशिका वा दिएको आदेश वा निर्देशनको पटक पटक उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घनको गम्भीरता, जोखिम तथा सूचक संस्थाको पुँजी वा वार्षिक कारोबारको आधारमा प्रत्येक उल्लङ्घन बापत खण्ड (ख) बमोजिमको अधिकतम जरिबाना गर्ने,"

(ख) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (४) बमोजिम सूचक संस्थाले कारबाही नगरेमा

नियमनकारी निकायले सूचक संस्थाको अधिकार प्रयोग गरी त्यस्तो पदाधिकारी वा कर्मचारीलाई आवश्यक कारबाही गरी त्यसरी कारबाही नगर्ने सूचक संस्थाको सञ्चालक वा सम्बन्धित पदाधिकारीलाई परिपालनाको अवस्था, विषयको गाम्भीर्य र सूचक संस्थाको प्रकृति अनुसार उपदफा (१) को खण्ड (ख) बमोजिमको जरिबाना गर्न वा पदबाट हटाउन वा दुवै कारबाही गर्न सक्नेछ।"

(ग) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) नियमनकारी निकायले यस दफा बमोजिम कारबाही तथा सजाय गर्दा सूचक संस्था वा त्यस्तो संस्थाको पदाधिकारी वा कर्मचारीलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।"

(घ) उपदफा (६) मा रहेका "सूचक संस्थाले" भन्ने शब्दहरूको सट्टा "सूचक संस्था वा त्यस्तो संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले" भन्ने शब्दहरू राखिएका छन्।

(१२) परिच्छेद-३क. पछि देहायको परिच्छेद-३ख.

थपिएको छः-

"परिच्छेद-३ख.

## निर्देशक समिति तथा समन्वय समिति सम्बन्धी व्यवस्था

७ब. निर्देशक समितिः (१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कामकारबाहीको प्रभावकारिताको अनुगमन तथा समीक्षा गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | | |
|---|---|---|---|
| (क) | नेपाल सरकारको अर्थ मन्त्री | - | अध्यक्ष |
| (ख) | नेपाल सरकारको कानून मन्त्री | - | सदस्य |
| (ग) | महान्यायाधिवक्ता | - | सदस्य |
| (घ) | मुख्य सचिव, नेपाल सरकार | - | सदस्य |
| (ङ) | गभर्नर, राष्ट्र बैङ्क | - | सदस्य |
| (च) | समन्वय समितिको संयोजक | - | सदस्य |
| (छ) | सचिव, कानून, न्याय तथा संसदीय मामिला | | |

| | | | |
|---|---|---|---|
| | मन्त्रालय | - | सदस्य |
| (ज) | सचिव, अर्थ मन्त्रालय | - | सदस्य-सचिव |

(२) निर्देशक समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(३) निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) निर्देशक समितिको बैठकको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा समन्वय समितिबाट प्राप्त राष्ट्रिय नीति तथा कार्यक्रमको मस्यौदा पुनरावलोकन

गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रम कार्यान्वयन गराउने र सोको पुनरावलोकन गर्ने,

(ग) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहले सम्पादन गर्नु पर्ने कार्यको निर्धारण तथा समन्वय गर्ने र सोको लागि

आवश्यक संयन्त्र निर्माण गर्ने,

(घ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा यस ऐन बमोजिमको व्यवस्था कार्यान्वयन गर्न वा गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ङ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा समन्वय समितिबाट प्राप्त राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने,

(च) वर्षभरिमा गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारमा पेश गर्ने।

७भ. <u>समन्वय समितिः</u> (१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यमा संलग्न निकायको कार्य प्रभावकारिता अभिवृद्धि गर्नको लागि कार्यात्मक समन्वय कायम गर्न वा गराउन देहाय बमोजिमको समन्वय समिति रहनेछः-

(क) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव, गृह मन्त्रालय - सदस्य

(ङ) सचिव, परराष्ट्र

| | | |
|---|---|---|
| | मन्त्रालय | - सदस्य |
| (च) | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - सदस्य |
| (ज) | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| (झ) | डेपुटी गभर्नर, राष्ट्र बैङ्क | - सदस्य |
| (ञ) | प्रहरी महानिरीक्षक, नेपाल प्रहरी | - सदस्य |
| (ट) | प्रमुख, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | - सदस्य |
| (ठ) | प्रमुख, वित्तीय जानकारी इकाई | - सदस्य-सचिव |

(२) समन्वय समितिले सम्बद्ध निकायको पदाधिकारी वा विज्ञलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(ख) क्षेत्रगत तथा राष्ट्रिय जोखिम मूल्याङ्कन गरी, गराई सोको एकीकृत प्रतिवेदन

निर्देशक समिति समक्ष पेश गर्ने,

(ग) जोखिम मूल्याङ्कनको आधारमा सम्बन्धित निकाय वा संस्थालाई कार्ययोजना तथा मार्गदर्शन बनाई कार्यान्वयन गर्न लगाउने र त्यस्तो कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने,

(घ) सम्बद्ध निकाय बीच कार्यात्मक समन्वय कायम गर्न आवश्यक सुझाव वा निर्देशन दिने,

(ङ) निर्देशक समितिले गरेको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(च) यस ऐन बमोजिम राख्नु पर्ने विवरण वा सूचनाको सुरक्षा,

गोपनीयता तथा प्रयोगको सम्बन्धमा आवश्यक मार्गदर्शन जारी गर्ने,

(छ) वित्तीय अपराध निवारणका सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने वा सोको नियन्त्रणका लागि सम्बन्धित निकायलाई सुझाव दिने, र

(ज) समन्वय सम्बन्धी अन्य कार्य गर्ने वा गराउने।"

(१३) परिच्छेद-४ को दफा शीर्षकमा रहेका "समन्वय समिति तथा" भन्ने शब्दहरु झिकिएका छन्।

(१४) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. <u>वित्तीय जानकारी इकाईः</u> (१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी वा सम्बद्ध कसूर सम्बन्धी शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन वा सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष

प्रवाह गर्न स्वायत्त निकायको रुपमा वित्तीय जानकारी इकाई रहनेछ।

(२) गभर्नरले समन्वय समितिको परामर्शमा राष्ट्र बैङ्कमा कार्यरत कम्तीमा प्रथम श्रेणीका अधिकृतमध्येबाट तोकिए बमोजिमको योग्यता तथा अनुभव भएको अधिकृतलाई वित्तीय जानकारी इकाईको प्रमुखको रुपमा नियुक्त गर्नेछ र वित्तीय जानकारी इकाईको प्रमुख समन्वय समितिप्रति जवाफदेही हुनेछ।

(३) वित्तीय जानकारी इकाईको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र वित्तीय जानकारी इकाईले नेपाल सरकारको स्वीकृति लिई आवश्यकता अनुसार शाखा कार्यालय खोल्न सक्नेछ।

(४) वित्तीय जानकारी इकाईको छाप र सङ्गठन संरचना नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(५) वित्तीय जानकारी इकाईमा आवश्यकता अनुसार नियमनकारी निकाय, अनुसन्धान गर्ने निकाय तथा अन्य सम्बद्ध सरकारी संस्थाका कर्मचारी रहनेछन् र त्यस्ता कर्मचारी सम्बन्धित निकायले उपलब्ध गराउनु पर्नेछ।

(६) वित्तीय जानकारी इकाईमा खटिने कर्मचारीको पारिश्रमिक तथा

सुविधा त्यस्तो कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून बमोजिम हुनेछ।

(७) वित्तीय जानकारी इकाईमा खटिएका कर्मचारीको कार्यसम्पादनको गुणस्तर सम्बन्धमा सो इकाईको प्रमुखले सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ र सम्बन्धित अख्तियारवालाले त्यस्तो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सो कुराको आधारमा समेत मूल्याङ्कन गर्नु पर्नेछ।

(८) वित्तीय जानकारी इकाईलाई आवश्यक पर्ने बजेट, स्रोत तथा साधन राष्ट्र बैङ्कले उपलब्ध गराउनेछ।

(९) वित्तीय जानकारी इकाईमा खटाइने कर्मचारीमा हुनु पर्ने योग्यता तथा अनुभव, कर्मचारी परिचालन, जवाफदेहिता, प्रोत्साहन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) वित्तीय जानकारी इकाई सञ्चालन सम्बन्धी अन्य व्यवस्था निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।"

(१५) दफा १० को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (च) मा रहेका "आफैं वा सम्बन्धित निकायको अनुरोधमा

विभाग वा प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान तहकिकात गर्ने निकायमा प्रवाह गर्ने" भन्ने शब्दहरूको सट्टा "आफैं, अनुसन्धान अधिकारी वा अन्य सम्बन्धित निकायको अनुरोधमा त्यस्तो अधिकारी वा निकायमा प्रवाह गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (झ) मा रहेको "प्रतिवेदन" भन्ने शब्द पछि "तथा रणनीतिक विश्लेषण प्रतिवेदन" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (७) मा रहेका "सूचक संस्थालाई वित्तीय जानकारी इकाईले गम्भीरताका आधारमा दश लाख रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "वा दफा १०क. बमोजिमको कारोबार सम्बन्धी जानकारी नदिने, सो सम्बन्धी सूचनाको गोप्यता भङ्ग गर्ने वा तोकिएको समयमा सूचना वा जानकारी उपलब्ध नगराउने सूचक संस्था वा त्यस्तो संस्थाको पदाधिकारी वा कर्मचारीलाई वित्तीय जानकारी इकाईले एक करोड रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(१६) दफा १०क. को,-

(क) दफा शीर्षकमा रहेको "प्रतिवेदन" भन्ने शब्दको सट्टा "जानकारी" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (२) मा रहेको "प्रतिवेदनको" भन्ने शब्द झिकिएको छ।

(१७) दफा १३ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) देहायको कसूर कसैले गरेको, गर्न लागेको वा गरिरहेको कुरा थाहा पाउने कुनै पनि व्यक्तिले यथाशीघ्र देहायको कार्यालयमा लिखित वा मौखिक रुपमा वा विद्युतीय माध्यमबाट उजुरी वा सूचना दिनु पर्नेछः-

(क) आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित कसूर भएमा प्रहरी कार्यालयमा,

(ख) सम्बद्ध कसूरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर भएमा प्रचलित कानून बमोजिम सम्बद्ध

कसूरमा अनुसन्धान गर्ने कार्यालयमा,

(ग) सम्बद्ध कसूरसँग सम्बन्धित नभएको सम्पत्ति शुद्धीकरण सम्बन्धी विषय भए विभागमा।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिमको उजुरी वा सूचना अनुसन्धान गर्न अधिकारप्राप्त कार्यालय वा निकायभन्दा अन्य निकाय वा कार्यालयमा प्राप्त हुन आएमा त्यस्तो कार्यालय वा निकायले त्यस्तो उजुरी वा सूचना दर्ता गरी आवश्यक कारबाहीको लागि तत्काल सम्बन्धित कार्यालय वा निकायमा पठाउनु पर्नेछ।"

(ग) उपदफा (२) मा रहेका "विभागले" र "विभागको प्रमुखले" भन्ने शब्दहरुको सट्टा क्रमशः "अनुसन्धान गर्ने कार्यालयले" र "उजुरी परेको कार्यालयको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन्।

(१८) दफा १४ को ठाउँ ठाउँमा रहेका "विभागको" भन्ने शब्दको सट्टा "उजुरी परेको कार्यालयको" भन्ने शब्दहरु राखिएका छन्।

(१९) दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"१४क. <u>सम्बद्ध कसूरमा अनुसन्धान गर्न लेखी पठाउने वा टोली गठन गर्न सक्ने:</u> (१) दफा १३ को उपदफा (१) को खण्ड (ग) बमोजिम पर्न आएको उजुरी उपर विभागले जाँचबुझ गर्दा त्यस्तो उजुरीमा सम्बद्ध कसूर भए वा नभएको सम्बन्धमा समेत जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सम्बद्ध कसूर भएको देखिएमा त्यस्तो कसूरको अनुसन्धान गर्ने निकायमा अनुसन्धानको लागि लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अतिरिक्त दुई वा सोभन्दा बढी सम्बद्ध कसूरमा अनुसन्धान गर्नु पर्ने देखिएको र कसूर गम्भीर वा जटिल प्रकृतिको देखिएको वा त्यस्तो सम्बद्ध कसूरको अनुसन्धान अधिकारी फरक फरक निकाय रहेको वा कसूरको प्रकृतिको आधारमा दुई वा सोभन्दा बढी निकाय वा सार्वजनिक संस्था समेतको सहभागितामा अनुसन्धान गर्नु पर्ने

देखिएमा विभागको प्रमुखले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सार्वजनिक संस्थाको प्रमुखसँग परामर्श गरी विभाग, त्यस्तो निकाय वा संस्थाको प्रतिनिधि रहने गरी संयुक्त अनुसन्धान टोली गठन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम विभागबाट अनुसन्धानको लागि लेखी आएको निकायले र उपदफा (३) बमोजिम गठित संयुक्त अनुसन्धान टोलीले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गर्दा यस ऐन बमोजिम अनुसन्धान अधिकारीलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम गठन भएको संयुक्त अनुसन्धान टोलीले अनुसन्धान पूरा गरेपछि सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर र सम्बद्ध कसूरको एकीकृत अनुसन्धान प्रतिवेदन तयार गरी मुद्दा दायर गर्ने प्रयोजनको लागि सम्बद्ध कसूरमा अनुसन्धान गर्ने निकायमा पठाउनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम सम्बन्धित निकायले अनुसन्धान पूरा गरेपछि दफा २२ को उपदफा (१) बमोजिम अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकिलको कार्यालयमा पठाउनु पर्नेछ।

(७) उपदफा (३) बमोजिम गठन हुने संयुक्त अनुसन्धान टोली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(२०) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. <u>सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा समेत अनुसन्धान गर्नेः</u> (१) अनुसन्धान अधिकारीले सम्बद्ध कसूरमा अनुसन्धान गर्दा अनुसन्धान गरिएको व्यक्तिले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको देखेमा सोको जानकारी यथाशीघ्र विभागलाई दिनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम सम्बद्ध कसूरमा अनुसन्धान गर्न अधिकारप्राप्त संवैधानिक निकायले यस ऐन बमोजिम सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्दा वा दफा १४क. को उपदफा (२) बमोजिम लेखी आएको निकायले सो विषयमा अनुसन्धान गर्दा

त्यस्तो जानकारी विभागलाई दिन आवश्यक हुने छैन।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त हुन आएमा विभागले त्यस्तो जानकारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दफा १४क. को उपदफा (३) बमोजिमको अवस्था देखिएमा अनुसन्धान टोली गठन गर्न, सम्बद्ध कसूरको अनुसन्धान गर्ने अधिकारीसँग समन्वय गरी सम्पत्ति शुद्धीकरणको कसूरमा अनुसन्धान गर्न विभागको कुनै अधिकृतलाई अनुसन्धान अधिकारी नियुक्त गरी अनुसन्धान गर्न वा सम्बद्ध कसूरको अनुसन्धान गर्ने कार्यालयलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न वा अनुसन्धान प्रभावकारी बनाउनको लागि आवश्यक सुझाव दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान टोली गठन गरेकोमा विभागले सोको जानकारी सम्बन्धित अनुसन्धान गर्ने निकायलाई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम अनुसन्धान टोली गठन भएकोमा सो

टोलीले दफा १४क. को उपदफा (५) बमोजिमको एकीकृत प्रतिवेदन तयार गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको एकीकृत अनुसन्धान प्रतिवेदन मुद्दा दायर गर्ने प्रयोजनको लागि सम्बद्ध कसूरमा अनुसन्धान गर्ने सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(६) अन्य मुलुकसँग सहयोग आदानप्रदान वा समन्वय गरी अनुसन्धान गर्नु पर्ने वा गम्भीर प्रकृतिको सम्बद्ध कसूर जोडिएको कसूर बाहेक यस ऐन बमोजिमको अन्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान सुरु भएको मितिले एक वर्षभित्र पूरा गर्नु पर्नेछ। "

(२१) दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-

"१५क. <u>यस ऐन बमोजिम अनुसन्धान गर्न सक्नेः</u> अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको अनुसन्धान अधिकारीले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गरी मुद्दा दर्ता गर्नु पर्ने भएमा सो कसूरसँग सम्बन्धित सम्बद्ध

कसूरको हकमा समेत यस ऐन बमोजिमको अधिकार र कार्यविधिको अवलम्बन गर्न सक्नेछ।"

(२२) दफा १६ को ठाउँ ठाउँमा रहेका "विभागको प्रमुख" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान गर्ने कार्यालयको प्रमुख" भन्ने शब्दहरु राखिएका छन्।

(२३) दफा १७ को उपदफा (६) को ठाउँ ठाउँमा रहेका "विभागको" भन्ने शब्दको सट्टा "आफ्नो कार्यालयको" भन्ने शब्दहरु राखिएका छन्।

(२४) दफा १८ को,–

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम कुनै सम्पत्ति वा साधन एक वर्षभन्दा बढी रोक्का राख्नु वा नियन्त्रणमा लिनु परेमा अदालतको अनुमति लिनु पर्नेछ।"

(ख) उपदफा (६) को ठाउँ ठाउँमा रहेका "विभागको प्रमुखलाई" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान गर्ने कार्यालयको प्रमुखलाई" भन्ने शब्दहरु राखिएका छन्।

(२५) दफा १९ग. को सट्टा देहायको दफा १९ग. राखिएको छः-

"१९ग. <u>विशेष अनुसन्धान विधि अवलम्बन गर्न सक्नेः</u> (१) अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने कार्यालयको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको

अधिकृतको प्रत्यक्ष निगरानीमा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूर वा सम्बद्ध कसूरको अनुसन्धान गर्दा विशेष अनुसन्धानका देहायका कुनै वा सबै विधि अवलम्बन गर्न सक्नेछः-

(क) नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलिभरी),

(ख) सुराकी परिचालन,

(ग) गुप्त अनुसन्धान कारबाही (अण्डर कभर अपरेसन),

(घ) टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन),

(ङ) थप प्रमाण तथा सूचना हासिल गर्ने उद्देश्यले तत्काल पक्राउ नगर्ने (अरेस्ट वेभर),

(च) कम्प्युटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच,

(छ) तोकिए बमोजिमका अन्य विशेष अनुसन्धान विधि।

(२) उपदफा (१) को खण्ड (घ) वा (च) बमोजिमको विधि अवलम्बन गर्दा अदालतको पूर्व अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुसन्धानको क्रममा प्राप्त विवरण सोही कसूरको अनुसन्धान र अभियोजन बाहेक अन्य कार्यमा प्रयोग गर्न वा सार्वजनिक गर्न पाइने छैन।

(४) यस दफा बमोजिमको विशेष अनुसन्धान विधि अवलम्बन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।"

(२६) दफा २० मा रहेको "विभागमा" भन्ने शब्द झिकिएको छ।

(२७) दफा २१ को ठाउँ ठाउँमा रहेका "विभागले" र "विभागलाई" भन्ने शब्दहरुको सट्टा क्रमशः "अनुसन्धान गर्ने कार्यालयले" र "अनुसन्धान गर्ने कार्यालयलाई" भन्ने शब्दहरु राखिएका छन्।

(२८) दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. मुद्दा दायर गर्नेः (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी

सम्बन्धी कसूर सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम सम्बद्ध कसूरमा अनुसन्धान गर्न अधिकारप्राप्त संवैधानिक निकायले कानून बमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन तथा मिसिल अध्ययन गर्दा सङ्कलित सबुत प्रमाणबाट मुद्दा चल्ने पर्याप्त आधार देखिएमा सरकारी वकीलले सम्बद्ध कसूरको मुद्दा हेर्ने अदालतमा मुद्दा दायर गर्नेछ।

(३) कुनै कानूनी व्यक्ति वा प्रबन्धको प्रयोग गरी यस ऐन बमोजिमको कसूर गरेको अवस्था देखिएमा त्यस्तो कानूनी व्यक्ति वा प्रबन्ध र सोलाई माध्यम बनाई कसूर गर्ने वा गराउने सम्बद्ध प्राकृतिक व्यक्ति विरुद्ध फरक फरक सजाय र जफतको

मागदाबी लिई मुद्दा दायर गर्न सकिनेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत विभागमा विचाराधीन रहेका उजुरी, निवेदन, जानकारी वा सूचनाको सम्बन्धमा विभागले यस ऐन बमोजिमको अनुसन्धान अधिकारीको रुपमा अनुसन्धान गरी यस दफा बमोजिम मुद्दा दायर गर्न सक्नेछ।"

(२९) दफा २५ को उपदफा (२) र (३) झिकिएका छन्।

(३०) दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

"२८. <u>सम्पत्तिको स्रोत खुलाउनु पर्नेः</u> (१) दफा १३ बमोजिम प्राप्त उजुरी वा विभागलाई अन्य कुनै माध्यमबाट प्राप्त जानकारीको आधारमा कुनै व्यक्ति उपर सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा दफा १४क. को उपदफा (१) बमोजिम सम्बद्ध कसूर भए वा नभएको सम्बन्धमा जाँचबुझ गर्दा सम्बद्ध कसूर भएको नदेखिएको तर त्यस्तो व्यक्तिको सम्पत्ति निजको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा अस्वाभाविक देखिएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर

यापन गरेको देखिएमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको वा कारोबार गरेको देखिएमा निजसँग त्यस्तो सम्पत्तिको स्रोत माग गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम कुनै व्यक्तिको विरुद्धमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट निज उपर कुनै कसूरमा मुद्दा चल्न सक्ने अवस्था नभएको तर त्यस्तो व्यक्तिको सम्पत्ति निजको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा अस्वाभाविक देखिएको वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको वा आफ्नो हैसियतभन्दा बढी दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको वा कारोबार गरेको वा निजसँग ठूलो परिमाणमा नगद वा अन्य चल सम्पत्ति फेला परेको र सो परिमाणमा सम्पत्ति आय हुने वा कमाउन सक्ने कुनै व्यापार, व्यवसाय वा नियमित आम्दानीको स्रोत भएको नपाइएमा अनुसन्धान अधिकारीले आफ्नो राय सहित सो उजुरी सम्बन्धी मिसिल

कागजात आवश्यक कारबाहीको लागि विभागमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुसन्धान गरिएको व्यक्तिलाई त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा विभागले खुलाउन लगाउनु पर्नेछ।

(४) सम्बद्ध कसूरमा प्रचलित कानून बमोजिम अनुसन्धान गरिएको व्यक्ति उपर सम्बद्ध कसूर वा यस ऐन बमोजिम सम्पत्ति शुद्धीकरणको कसूरमा मुद्दा चल्ने अवस्था देखिएको र त्यस्तो व्यक्तिको सम्पत्ति कसूरबाट आर्जन गरेको सम्पत्तिभन्दा बढी देखिएकोमा कसूरबाट प्राप्त सम्पत्तिको हकमा अभियोग सहित सजाय तथा जफतको मागदाबी र सो बाहेक कसूरबाट प्राप्त भएको सम्पत्तिभन्दा बढी देखिएको स्रोत खुलाउन नसकेको सम्पत्तिको हकमा जफतको मागदाबी लिई मुद्दा दायर गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्रोत खुलाउन नसकेको सम्पत्ति जफत हुनेछ।

(६) उपदफा (२) बमोजिम लेखी आएको वा विभाग आफैंले अनुसन्धान

गरेको विषयमा उपदफा (३) बमोजिम सम्पत्तिको स्रोत खुलाउन लगाउँदा त्यस्तो स्रोत खुलाउन नसकेको र अनुसन्धान गरिएको व्यक्ति उपर यस ऐन वा प्रचलित कानून बमोजिमको कसूरमा मुद्दा चल्ने अवस्था नदेखिएको अवस्थामा स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा असुलीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम लेखी आएमा आन्तरिक राजस्व विभागले कर सम्बन्धी कसूर गरे वा नगरेको यकिन गरी त्यस्तो कसूर गरेको नपाइएमा त्यस्तो व्यक्तिले निजले कुनै कसूर गरी सम्पत्ति प्राप्त गरेको होइन भनी स्वघोषणा समेत गरेमा निजको सम्पत्तिलाई चालू आयवर्षको आय मानी प्रचलित कानून बमोजिमको अधिकतम कर निर्धारण गरी असुल गर्नु पर्नेछ।

तर कर सम्बन्धी कसूर गरेको देखिएमा सो विभागले सो कसूरमा आफूले अनुसन्धान गर्नु पर्ने भए आफैं अनुसन्धान गर्न र अनुसन्धान गर्ने निकाय अर्को रहेछ भने अनुसन्धानको

लागि त्यस्तो निकायमा लेखी पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम कर असुल गरिएको व्यक्तिको नाम, थर र ठेगाना विभागको वेबसाइटमा राखी निजको आय तथा राजस्व सम्बन्धी विवरण विभाग र वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (७) बमोजिम कर असुल गरिएको वा जफत गरिएको सम्पत्ति कुनै कसूरबाट प्राप्त भएको देखिएमा प्रचलित कानून बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन।

(१०) कर अधिकृतले कर निर्धारण र कर परीक्षण गर्दा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा यस ऐन बमोजिम पालना गर्नु पर्ने सर्तको विषयमा आन्तरिक राजस्व विभागले मार्गदर्शन बनाई लागू गर्नेछ।"

(३१) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. <u>मुद्दा चलाउन र सजाय गर्न बाधा नपर्ने:</u> (१) यस ऐनमा अन्यत्र लेखिएको कुनै कुराले यस ऐन बमोजिम परेको उजुरीको अनुसन्धान गर्दा प्राप्त प्रमाणका आधारमा सम्बद्ध कसूर वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमध्ये कुनै एक वा दुवै कसूरमा मुद्दा चलाउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम सम्बद्ध कसूरमा मुद्दा नचलेको वा चलेको भए पनि त्यस्तो मुद्दाको किनारा नभएको आधारमा मात्र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन।"

(३२) दफा २९ङ. को,-

(क) उपदफा (१) मा रहेका "आमविनासका हातहतियारको निर्माण तथा विस्तार वा त्यसमा लगानी गर्ने" भन्ने शब्दहरूको सट्टा "आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेको "आतङ्ककारी" भन्ने शब्द झिकिएको छ।

(३३) दफा २९च. को,-

(क) उपदफा (१) मा रहेका "आतङ्कवादी क्रियाकलापसँग" भन्ने शब्दहरूको सट्टा

"आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "आतङ्ककारी कार्य वा सोमा वित्तीय लगानी" भन्ने शब्दहरूको सट्टा "आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (३) को ठाउँ ठाउँमा रहेका "आतङ्कवादी क्रियाकलाप" भन्ने शब्दहरूको सट्टा "आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा गरेको वित्तीय लगानी" भन्ने शब्दहरू राखिएका छन्।

(३४) दफा २९छ. को,-

(क) उपदफा (१) मा रहेका "आतङ्कवादी क्रियाकलापमा" भन्ने शब्दहरूको सट्टा "आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने कार्यमा" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) यस परिच्छेद बमोजिम रोक्का रहेको सम्पत्ति वा कोषको एकीकृत अभिलेख, व्यवस्थापन तथा संरक्षण प्रचलित

कानून बमोजिम स्थापना भएको कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागले गर्नेछ।"

(३५) दफा २९ज. को उपदफा (४) र (५) को ठाउँ ठाउँमा रहेका "आतङ्ककारी व्यक्ति" भन्ने शब्दहरुको सट्टा "आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति" भन्ने शब्दहरू राखिएका छन्।

(३६) दफा २९ट. को,-

(क) उपदफा (४) को ठाउँ ठाउँमा रहेका "आतङ्कवादी क्रियाकलापमा" भन्ने शब्दहरुको सट्टा "आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "आतङ्ककारी व्यक्ति, आतङ्ककारी समूह वा सङ्गठनलाई वा आतङ्ककारी कार्यमा" भन्ने शब्दहरुको सट्टा "आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा सङ्गठनलाई वा त्यस्तो कार्यमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (५) मा रहेको "आतङ्ककारी" भन्ने शब्द पछि "कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने" भन्ने शब्दहरू थपिएका छन्।

(३७) दफा ३० को,-

(क) उपदफा (१) मा रहेका "दश वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "पन्ध्र वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "एक करोड रुपैयाँसम्म जरिबाना र कसूरको गाम्भीर्य हेरी तीन वर्षदेखि बीस वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "पाँच करोड रुपैयाँ जरिबाना र कसूरको गाम्भीर्य हेरी सात वर्षदेखि बीस वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (५) मा रहेका "कानूनी व्यक्ति" भन्ने शब्दहरुको सट्टा "कानूनी व्यक्ति, कानूनी प्रबन्ध" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) यस ऐन अन्तर्गतको कसूर हुन सक्छ वा हुन गइरहेको छ भन्ने जानकारी हुने मनासिब आधार हुँदाहुँदै कसूर हुनबाट रोक्नु पर्ने दायित्व भएको व्यक्तिले त्यस्तो कसूर हुन नदिनको लागि आफ्नो दायित्व निर्वाह नगरी कसूर हुन दिएमा एक वर्षसम्म कैद हुन सक्नेछ।"

(ङ) उपदफा (८) को ठाउँ ठाउँमा रहेका "कानूनी व्यक्ति" भन्ने शब्दहरुको सट्टा "कानूनी व्यक्ति वा कानूनी प्रबन्ध" भन्ने

शब्दहरु राखी सोही उपदफाको खण्ड (घ) झिकिएको छ।

(च) उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएको छः-

"(१०) यस ऐन बमोजिमको कसूरमा कुनै व्यक्ति वास्तविक धनी रहेको देखिएमा निजलाई यस दफा बमोजिमको सजाय हुनेछ।"

(३८) दफा ३० पछि देहायका दफा ३०क. थपिएको छः-

"३०क. <u>निर्दोष तेस्रो पक्षको हित सुरक्षित गर्नु पर्नेः</u> (१) दफा ३४ख. बमोजिम हानि नोक्सानीको क्षतिपूर्ति भराउँदा वा दफा ३० को उपदफा (८) बमोजिम कानूनी व्यक्ति वा कानूनी प्रबन्धलाई खारेज गर्दा वा त्यस्तो व्यक्ति वा प्रबन्धको इजाजतपत्र वा अनुमतिपत्र खारेज गर्दा प्रचलित कानूनको अधीनमा रही निर्दोष तेस्रो पक्षको आर्थिक हित सुरक्षित हुने गरी गर्नु पर्नेछ।

(२) दफा ३० को उपदफा (८) बमोजिम कानूनी व्यक्ति वा प्रबन्धको इजाजतपत्र वा अनुमतिपत्र खारेज भएमा त्यस्तो कानूनी व्यक्ति वा प्रबन्धको सम्पत्ति र दायित्वको थप व्यवस्थापन तथा खारेजपछिका आवश्यक कार्य गर्दा

प्रचलित कानून बमोजिम गर्नु, गराउनु पर्नेछ।"

(३९) दफा ३३क. पछि देहायको दफा ३३ख. थपिएको छः-

"३३ख. बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुनेः (१) अनुसन्धान वा अभियोजन गर्ने अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने, क्षति पुऱ्याउने, हैरानी गर्ने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र निजको सेवा सर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही समेत हुनेछ।"

(४०) दफा ३४ पछि देहायका दफा ३४क. र ३४ख. थपिएका छन्ः-

"३४क. बिगो भराई दिनु पर्नेः यस ऐन बमोजिमको कसूरबाट कसैलाई हानि नोक्सानी पुगेको रहेछ भने हानि नोक्सानीको बिगो खुलेकोमा

कसूरदारबाट त्यस्तो बिगो असुल गरी पीडितलाई भराई दिनु पर्नेछ।

३४ख. क्षतिपूर्ति भराई दिनु पर्नेः कसैले यस ऐन अन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैको जीउ, धनको हानि नोक्सानी भएको रहेछ भने कसूरबाट पीडित व्यक्तिलाई त्यसको मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।"

(४१) दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छः-

"३५. जोखिम मूल्याङ्कन गर्नु पर्नेः (१) नियमनकारी निकाय, अनुसन्धान गर्ने निकाय, सूचक संस्था र यस ऐनसँग सम्बन्धित अन्य निकायले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी, जोखिमयुक्त प्रविधि, जोखिमका नयाँ आयाम, त्यस्तो कार्य गर्ने व्यक्ति, सोको दर्ता अनुमति, कारबाही समेतका सम्बन्धमा प्रत्येक वर्ष एक पटकमा नघट्ने गरी आवश्यकता अनुसार जोखिम पहिचान, मूल्याङ्कन र बोध गरी सोको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन गर्नुअघि सूचक संस्थाले

मूल्याङ्कनको पद्धति तथा वस्तुगत आधार तयार गरी नियमनकारी निकाय समक्ष पेश गर्नु पर्नेछ।

(३) नियमनकारी निकायले सूचक संस्थाको जोखिम मूल्याङ्कन प्रतिवेदन वस्तुगत र प्रभावकारी भएको नदेखेमा आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमका निकाय वा संस्थाले आफ्नो क्षेत्रगत जोखिम मूल्याङ्कन गरी सोको प्रतिवेदन समन्वय समितिमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा समन्वय समितिले राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्नेछ।

(६) उपदफा (१) बमोजिमका निकाय वा संस्थाले यस दफा बमोजिम तयार गरेको जोखिम मूल्याङ्कन प्रतिवेदनका आधारमा जोखिममा आधारित वार्षिक कार्ययोजना बनाई लागू गर्नु पर्नेछ।

(७) जोखिम मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(४२) दफा ३५ पछि देहायका दफा ३५क., ३५ख. ३५ग., ३५घ., ३५ङ., ३५च. ३५छ., ३५ज. र ३५झ. थपिएका छन्ः-

"३५क. <u>वास्तविक धनीको विवरण पेश गर्नु पर्नेः</u> (१) कसैले शेयर वा अन्य तरिकाले पुँजी लगानी गरी कुनै कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा अन्य कुनै प्रकारको कानूनी व्यक्ति संस्थापना गर्दा, दर्ता गर्दा वा इजाजतपत्र लिँदा त्यस्तो कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्ममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा अरु कसैको नाम वा माध्यमबाट एकल, संयुक्त वा समूहगत गरी पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर वा पुँजी लगानी गरेकोमा वा अन्य कुनै तरिकाले सोको वास्तविक धनीको रुपमा रहेको भएमा त्यस्तो वास्तविक धनीको विवरण कानूनी व्यक्ति संस्थापना गर्ने, दर्ता गर्ने वा इजाजतपत्र दिने निकायमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण पेश नभएसम्म सम्बन्धित निकायले त्यस्तो कानूनी व्यक्ति दर्ता गर्ने, संस्थापना गर्ने वा इजाजतपत्र प्रदान गर्ने कार्य गर्ने छैन।

(३) प्रचलित कानून बमोजिम दर्ता भएको वा इजाजतपत्र प्राप्त उपदफा (१) बमोजिमको कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा कुनै प्रकारको शेयर वा अन्य तरिकाबाट लगानी गरी स्थापना भएको कानूनी व्यक्तिले धारक शेयर वा सोसँग सम्बन्धित अन्य वित्तीय उपकरण जारी गर्न पाउने छैन।

तर विदेशी कानूनी व्यक्तिले आफ्नो मुलुकको कानून बमोजिम धारक वा सोसँग सम्बन्धित अन्य वित्तीय उपकरण जारी गरेमा सोको जानकारी सम्बन्धित दर्ता गर्ने निकायलाई दिनु पर्नेछ। त्यस्तो कानूनी व्यक्तिको नियमनकारी निकाय भएमा सो निकायलाई समेत त्यस्तो जानकारी दिनु पर्नेछ।

(४) यस दफा बमोजिमको विवरण नदिने वा वास्तविक धनी सम्बन्धी गलत विवरण दिने व्यक्तिको विवरण नदिएको वा गलत विवरण दिए जतिको पुँजी नियमनकारी निकायले वा त्यस्तो निकाय नभएमा दर्ता गर्ने निकायले जफत गरी सोको वास्तविक धनीलाई दश लाख रुपैंयादेखि पचास

लाख रूपैयाँसम्म जरिबाना गरी सोको जानकारी वित्तीय जानकारी इकाई र अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिमको विवरण सम्बन्धित कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा कुनै प्रकारको शेयर वा अन्य तरिकाबाट लगानी गरी स्थापना हुने कानूनी व्यक्तिले कसैको वास्तविक धनीको हैसियत अन्त्य भएको मितिले पाँच वर्षसम्म नियमित रुपमा अद्यावधिक गरी सरकारी वा सूचक संस्थालाई माग भए बमोजिम उपलब्ध गराउने र अन्यको हकमा तोकिए बमोजिम उपलब्ध हुने गरी राख्नु पर्नेछ।

(६) कानूनी व्यक्ति दर्ता गर्ने निकाय र नियमनकारी निकायले त्यस्तो कानूनी व्यक्तिको वास्तविक धनी सम्बन्धी अभिलेख त्यस्तो कानूनी व्यक्ति खारेज भएको मितिले कम्तीमा पाँच वर्षसम्म राख्नु पर्नेछ।

(७) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेको कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा

कुनै प्रकारको शेयर लगानी वा अन्य तरिकाले पुँजी लगानी गरी स्थापना भएको कानूनी व्यक्तिले यस दफा बमोजिमको वास्तविक धनीको विवरण यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो कानूनी व्यक्ति दर्ता गर्ने निकाय वा इजाजतपत्र दिने निकायमा पेश गर्नु पर्नेछ।

३५ख. वास्तविक रुपमा नियन्त्रण गर्ने वा आर्थिक लाभ लिनेको विवरण राख्नु पर्ने: (१) कानूनी प्रबन्ध सञ्चालन गर्ने स्वदेशी वा विदेशी व्यक्तिले त्यस्तो कानूनी प्रबन्ध स्थापना गर्ने, संरक्षण गर्ने, त्यस्तो कानूनी प्रबन्धलाई वास्तविक रुपमा नियन्त्रण गर्ने प्राकृतिक व्यक्ति, त्यस्तो कानूनी प्रबन्धबाट उच्च आर्थिक लाभ लिने व्यक्ति वा वर्ग वा त्यस्तो कानूनी प्रबन्धलाई वित्तीय, लेखा, कर वा लगानी व्यवस्थापन तथा एजेन्सी सम्बन्धी सेवा प्रवाह गर्ने व्यक्तिको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो विवरणको एकीकृत लगत सम्बन्धित नियमनकारी निकाय भए सो निकायमा समेत पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानूनी प्रबन्ध सञ्चालन गरेको वा

त्यस्तो कानूनी प्रबन्धमा वास्तविक नियन्त्रण गर्ने प्राकृतिक व्यक्तिले सूचक संस्थामा ग्राहक बन्दा सो सम्बन्धी विवरण समेत खुलाउनु पर्नेछ।

(३) यस दफा बमोजिमको विवरणमा कुनै परिवर्तन भएमा त्यस्तो कानूनी व्यक्तिले सोको जानकारी तत्काल सम्बन्धित नियमनकारी निकायलाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम विवरण नदिने, गलत विवरण दिने वा सूचक संस्थालाई जानकारी नदिने कानूनी प्रबन्ध वा व्यक्तिलाई नियमनकारी निकायले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको कानूनी प्रबन्धले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र यस दफा बमोजिमको विवरण नियमनकारी निकायमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको अभिलेख त्यस्तो व्यक्ति कानूनी प्रबन्धको संलग्नताबाट अलग भएको मितिले कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

३५ग. <u>विवरण राख्नु पर्नेः</u> (१) प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३५क. बमोजिमको कानूनी व्यक्तिले आफ्नो नाम, ठेगाना, दर्ता तथा इजाजतपत्र, कानूनी स्वरूप तथा हैसियत, कार्यक्षेत्र, नियमन सम्बन्धी कानून र निकाय, सञ्चालक समिति वा त्यस्तै प्रकारको अन्य समितिको पदाधिकारीको परिचय खुल्ने विवरण सार्वजनिक रूपमा उपलब्ध हुने गरी राख्नु पर्नेछ।

(२) दफा ३५क. बमोजिमको कानूनी व्यक्तिमा वास्तविक धनीको रूपमा कोही रहेको भए त्यस्तो कानूनी व्यक्तिले सूचक संस्थाको ग्राहक बन्दा त्यस्तो वास्तविक धनीको विवरण समेत खुलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विवरण अद्यावधिक गरी सार्वजनिक रूपमा नराख्ने वा उपदफा (२) बमोजिम वास्तविक धनीको विवरण नखुलाउने कानूनी व्यक्तिलाई नियमनकारी निकाय भए सो निकायले र त्यस्तो निकाय नभएमा दर्ता गर्ने निकायले पाँच लाखदेखि पचास लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

३५घ. <u>गैरनाफामूलक संस्था दर्ता गर्ने वा नियमनकारी निकायको काम</u>ः (१) प्रचलित कानून बमोजिम गैरनाफामूलक संस्था दर्ता गर्ने, आबद्धता दिने वा त्यस्तो संस्थाको नियमन गर्ने निकायले सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा देहाय बमोजिमको काम गर्नु पर्नेछः-

(क) गैरनाफामूलक संस्थाको सम्पत्ति सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वा यस ऐन विपरीतका अन्य कुनै कार्यमा प्रयोग हुन नसक्ने गरी आवश्यक व्यवस्था गर्ने,

(ख) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण

तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी शङ्कास्पद सूचना वित्तीय जानकारी इकाईलाई दिने,

(ग) गैरनाफामूलक संस्थाको कामकारबाही पारदर्शी र विश्वसनीय बनाउन त्यस्ता संस्थाबाट लाभ प्राप्त गर्ने व्यक्ति वा समूहको पहिचान गर्न आवश्यक मापदण्ड बनाई लागू गर्ने वा गराउने,

(घ) क्षेत्रगत तथा संस्थागत जोखिम मूल्याङ्कन तथा व्यवस्थापन गर्ने वा गराउने,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी

कामकारबाहीको जोखिमको आधारमा सम्बन्धित संस्थाले खर्च व्यहोर्ने गरी यस ऐन बमोजिम प्रभावकारिता सम्बन्धी सम्परीक्षण गर्ने वा गराउने,

(च) जोखिमका आधारमा निरीक्षण, सुपरिवेक्षण वा अनुगमन गर्ने।

(२) प्रचलित कानून बमोजिम गैरनाफामूलक संस्था दर्ता गर्ने वा आबद्धता दिने निकाय वा त्यस्तो संस्थाको नियमनकारी निकायले उपदफा (१) बमोजिमको कामकारबाहीको सम्बन्धमा सम्बन्धित गैरनाफामूलक संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(४) उपदफा (२) बमोजिम आबद्धता दिने निकायले दिएको निर्देशन पालना नगर्ने गैरनाफामूलक संस्थालाई कारबाही गर्नको लागि त्यस्तो संस्थाको

नियमनकारी निकाय भए सो निकाय र सो नभएमा त्यस्तो संस्था दर्ता गर्ने निकायमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना नगर्ने गैरनाफामूलक संस्थालाई त्यस्तो संस्थाको नियमनकारी निकाय भए सो निकायले र सो नभएमा त्यस्तो संस्था दर्ता गर्ने निकायले पहिलो पटकलाई पाँच लाख रुपैयाँसम्म र त्यसपछि पटकैपिच्छे दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

३५ङ. परिपालना प्रतिवेदन पेश गर्नु पर्नेः (१) बैङ्क तथा वित्तीय संस्था, बीमा, क्यासिनो, धितोपत्रको कारोबार गर्ने संस्था, घर जग्गाको व्यावसायिक कारोबार गर्ने संस्था, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सूचक संस्थाले यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने कामको उपयुक्तता र प्रभावकारिता सुनिश्चित गर्न दफा ३५च. बमोजिम सूचीकृत परिपालना परीक्षकबाट प्रत्येक वर्ष देहाय बमोजिमका विषयमा सम्परीक्षण गराई नियमनकारी निकाय

समक्ष परिपालना प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) आवश्यक नीतिगत, संस्थागत, प्राविधिक र नियन्त्रण संरचना र सोको उपयुक्तता सम्बन्धी,

(ख) संस्थागत कार्यक्षेत्र बमोजिमको जोखिम मूल्याङ्कन, जोखिममा आधारित प्रणालीको स्थापना र त्यसको प्रभावकारिता सम्बन्धी,

(ग) वार्षिक कार्ययोजनाको कार्यान्वयन, प्रतिवेदन प्रणाली र अनुगमन सम्बन्धी,

(घ) जोखिम मूल्याङ्कन, नीतिगत, संस्थागत, प्राविधिक, नियन्त्रण, कार्यान्वयन संरचना र प्रभावकारितामा रहेका कमजोरी पहिचान र सुधार सम्बन्धी,

(ङ) नियमनकारी निकायले क्षेत्रगत रुपमा निर्धारण गरेका अन्य विषय सम्बन्धी।

(२) उपदफा (१) बमोजिमको सम्परीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र सम्पन्न गरी त्यसको प्रतिवेदन दिनु पर्नेछ।

(३) नियमनकारी निकायले उपदफा (२) बमोजिमको प्रतिवेदनमा चित्त नबुझेमा वा कुनै सूचक संस्थाको विस्तृत सम्परीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित सूचक संस्थाले खर्च व्यहोर्ने गरी जुनसुकै बखत कुनै पनि सूचक संस्थाको सम्परीक्षण गर्न वा गराउन सक्नेछ।

३५च. परिपालना परीक्षकको सूचीकरणः (१) दफा ३५ङ. बमोजिम परिपालना परीक्षकको रूपमा काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण तथा कागजात संलग्न गरी सूचीकरणको लागि वित्तीय जानकारी इकाईमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर वित्तीय जानकारी इकाईले आवश्यक जाँचबुझ गरी निवेदक दफा

३५छ. बमोजिम परिपालना परीक्षकको रूपमा काम गर्न योग्य रहेको पाइएमा निवेदकलाई सूचीकृत गरी त्यसको जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिलाई सूचीकृत गर्न नमिल्ने भएमा त्यसको आधार र कारण खोली निवेदकलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम परिपालना परीक्षकको रुपमा सूचीकृत भएको व्यक्तिमा दफा ३५छ. बमोजिमको योग्यता कायम नभएमा परिपालना परीक्षकको रुपमा काम गर्न पाउने छैन र त्यस्तो अवस्थामा वित्तीय जानकारी इकाईले निजको नाम सूचीबाट हटाउनेछ।

३५छ. <u>परिपालना परीक्षकको योग्यता:</u> परिपालना परीक्षकको रूपमा सूचीकृत हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण, आर्थिक वा वित्तीय व्यवस्थापन, व्यवस्थापन,

सार्वजनिक लेखा वा वित्त व्यवस्थापन, अर्थशास्त्र वा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको र सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ख) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको क्षेत्रमा तोकिए बमोजिमको तालिम प्राप्त गरेको, र

(ग) दफा ३५ज. बमोजिम अयोग्य नभएको।

३५ज. <u>परिपालना परीक्षक हुन अयोग्य मानिने:</u> (१) देहायको व्यक्ति दफा ३५च. बमोजिम परिपालना परीक्षकको रूपमा सूचीकृत हुन अयोग्य मानिनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) नेपालभित्र वा विदेशमा कर्जा तिर्न नसकी दामासाहीमा परेको,

(ग) नेपालभित्र वा विदेशमा बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थासँगको कुनै कारोबारमा कालोसूची वा डिफल्टरमा परी सो कालोसूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तीमा पाँच वर्ष पूरा नभएको,

(घ) सूचक संस्था, नियमनकारी निकाय वा अनुसन्धान गर्ने निकायको बहालवाला सञ्चालक, पदाधिकारी वा कर्मचारी,

(ङ) सूचक संस्थासँग वित्तीय स्वार्थ रहेको वा कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार

रहेको वा निजी स्वार्थ रहेको,

तर यस खण्डको प्रयोजनको लागि एक प्रतिशतभन्दा कम शेयर स्वामित्व भएको वा कानूनी सल्लाहकार वा लेखापरीक्षक भएको अवस्थालाई निजी वा वित्तीय स्वार्थ रहेको मानिने छैन।

(च) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर चुक्ता नगरेको,

(छ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूर, अन्य गम्भीर कसूर वा जघन्य कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ज) अदालतको फैसला बमोजिम लागेको कैद, जरिबाना तिर्न बुझाउन बाँकी रहेको।

(२) उपदफा (१) र दफा ३५छ. मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्था आफैं वा नियमनकारी निकायले विशेष परिस्थितिमा कुनै सूचक संस्थाको तोकिए बमोजिमको स्वदेशी वा विदेशी विज्ञबाट वा संयुक्त रुपमा विशेष परिपालना परीक्षण वा जोखिम मूल्याङ्कन गर्न वा गराउन बाधा पुगेको मानिने छैन।

(३) दफा ३५ङ. बमोजिमका सूचक संस्थाले परिपालना परीक्षण गराउनुपूर्व त्यस्तो संस्थाको जोखिम मूल्याङ्कनको स्वतन्त्र समीक्षा दफा ३५च. बमोजिमको परिपालना परीक्षक वा जोखिम सम्बन्धी नेपाली विज्ञबाट गराउनु पर्नेछ।

तर कुनै खास कारणले त्यस्तो समीक्षा वा परिपालना परीक्षण विदेशी विज्ञबाट गराउनु परेमा नियमनकारी निकायलाई जानकारी दिई गराउन बाधा पर्ने छैन।

३५झ. परिपालना परीक्षकको काम, कर्तव्य तथा अधिकारः दफा ३५ङ. बमोजिम सूचक संस्थाको सम्परीक्षण गर्ने परिपालना परीक्षकको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) सूचक संस्थाको कुनै पनि विवरण तथा कागजातमा पहुँच प्राप्त गर्ने,

(ख) सूचक संस्थाको कुनै पनि पदाधिकारी तथा कर्मचारीसँग आवश्यक जानकारी लिने,

(ग) वित्तीय जानकारी इकाई र नियमनकारी निकायले सम्परीक्षण सम्बन्धमा दिएको निर्देशन वा मार्गदर्शन पालना गर्ने वा सूचक संस्थाको सम्बन्धमा दिएको जानकारी सम्परीक्षणको सिलसिलामा प्रयोग गर्ने,

(घ) प्रचलित कानून बमोजिम बाह्य लेखापरीक्षकलाई प्राप्त काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने,

(ङ) प्रत्येक वर्षको पुस मसान्तभित्र देहायको प्रतिवेदन देहायका निकायमा पेश गर्नेः-

(१) सम्परीक्षणको प्रतिवेदन सूचक संस्थाको सञ्चालक समिति वा प्रमुख समक्ष,

(२) लङ्ग फर्म प्रतिवेदन नियमनकारी निकायमा,

(३) निर्धारित सीमाभन्दा बढीको कारोबार तथा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदनको सम्बन्धित भाग वित्तीय जानकारी इकाईमा।

(च) सम्परीक्षण गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने।"

(४३) दफा ३६ मा रहेका "विभागको प्रमुखले" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान गर्ने कार्यालयको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन्।

(४४) दफा ३९ मा रहेका "विभागको प्रमुख भए सम्बन्धित मन्त्रालयको सचिवले र अन्य कर्मचारी भए विभागको प्रमुखले" भन्ने शब्दहरुको सट्टा "कार्यालय प्रमुख भएमा सम्बन्धित अखितयारवालाले र अन्य कर्मचारी भएमा कार्यालयको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन्।

(४५) दफा ४४घ. को,-

(क) उपदफा (१) मा रहेको "विभागलाई" भन्ने शब्दको सट्टा "अनुसन्धान गर्ने कार्यालयलाई" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेको "विभागले" भन्ने शब्दको सट्टा "अनुसन्धान गर्ने कार्यालयले" भन्ने शब्दहरु राखिएका छन्।

(४६) दफा ४४च. मा रहेका "वित्तीय जानकारी इकाई" भन्ने शब्दहरू पछि "वा अन्य सम्बद्ध निकाय" भन्ने शब्दहरू थपिएका छन्।

(४७) दफा ४४च. पछि देहायका दफा ४४छ. र ४४ज. थपिएका छन्:-

"४४छ. मापदण्ड बनाउन सक्ने: नेपाल सरकारले वित्तीय अपराध नियन्त्रण सम्बन्धमा कानून बमोजिम प्रदान गरिने पारस्परिक कानूनी सहायता बाहेक अन्य अन्तर्राष्ट्रिय सहयोग आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।"

४४ज. प्रतिवेदन पठाउनु पर्ने: (१) यस ऐन बमोजिम कामकारबाही गर्ने सूचक संस्थाले प्रत्येक वर्ष आफूले सो वर्षभरि गरेको कामकारबाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र नियमनकारी निकायमा पेश गर्नु पर्नेछ।

(२) नियमनकारी निकाय, अनुसन्धान गर्ने निकाय र सम्बद्ध अन्य निकायले आफूले वर्षभरि गरेको कामकारबाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन समन्वय समितिले निर्धारण गरेको ढाँचामा तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित मन्त्रालय मार्फत सो समितिमा पठाउनु पर्नेछ।

(३) नियमनकारी निकायले उपदफा (२) बमोजिम प्रतिवेदन तयार गर्दा सूचक संस्थाले उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदनको विषयलाई समेत संक्षिप्त र एकीकृत रुपमा समावेश गरी गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा समन्वय समितिले वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनको आधारमा निर्देशक समितिले वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिई नेपाल सरकार समक्ष पेश गर्नेछ र नेपाल सरकारले त्यस्तो प्रतिवेदन संघीय संसदमा पेश गर्नेछ।"

(४८) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रूपान्तर गरिएको छः-

(क) "आतङ्कवादी क्रियाकलाप" भन्ने शब्दहरूको सट्टा "आतङ्ककारी कार्य",

(ख) "राष्ट्रिय समन्वय समिति" भन्ने शब्दहरूको सट्टा "समन्वय समिति"।

(४९) दफा ८, ८क. र २५क. खारेज गरिएका छन्।

१२. <u>**कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधनः**</u> कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को,–

(१) दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) वा (२) बमोजिम कुनै सम्पत्ति वा साधन एक सय असी दिनभन्दा बढी रोक्का राख्नु वा नियन्त्रणमा लिनु परेमा अदालतको अनुमति लिनु पर्नेछ।"

(२) दफा ९ को उपदफा (१) मा रहेका "प्रत्येक महिना" भन्ने शब्दहरूको सट्टा "त्यसरी रोक्का राखेको वा नियन्त्रणमा लिएको मितिले सात दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ११ को उपदफा (१) मा रहेका "जुनसुकै व्यक्तिसँग रहे भएको" भन्ने शब्दहरूको सट्टा "जुनसुकै व्यक्तिको नाम, भोग वा स्वामित्वमा रहेको" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ३८ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर त्यसरी रोक्का राखिएको, नियन्त्रणमा लिइएको वा जफत भएको सम्पत्तिको अभिलेख तथा व्यवस्थापन यसै ऐन बमोजिम हुनेछ।"

१३. <u>पारस्परिक कानूनी सहायता ऐन, २०७० मा संशोधनः</u> पारस्परिक कानूनी सहायता ऐन, २०७० को,–

(१) दफा ३ को,-

(क) उपदफा (२) मा रहेको "खास" भन्ने शब्द र सोही उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सन्धि नभएको विषयमा विदेशी अदालतबाट भएको फैसला कार्यान्वयन हुन सक्ने छैन।

तर सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी वा सोको सम्बद्ध कसूरमा विदेशी अदालतबाट भएको फैसला कार्यान्वयन तोकिए बमोजिमका

पारस्परिकताका आधारमा गर्न बाधा पर्ने छैन।"

(२) दफा ५ को,-

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) बैङ्किङ्ग, वित्तीय, कर वा व्यापारिक कारोबारसँग सम्बन्धित अभिलेख वा कागजातको सङ्कलन वा प्रमाणित प्रति उपलब्ध गराउने,"

(ख) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) विदेशी राज्यमा जफत भएको नेपालको सम्पत्ति प्राप्त गर्ने वा नेपालमा जफत भएको सम्पत्ति विदेशी राज्यको भए त्यस्तो सम्पत्ति सो मुलुकलाई उपलब्ध गराउने,"

(३) दफा ३९ पछि देहायको दफा ३९क. थपिएको छः-

"३९क. <u>गोपनीयता कायम गरिनेः</u> (१) यस ऐन बमोजिम गरिएको पारस्परिक कानूनी सहायता आदानप्रदान सम्बन्धी कागजात वा विवरणका सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही गोपनीयता कायम गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी राज्यबाट

यस ऐन बमोजिमको कुनै खास विषयमा गोपनीयता कायम गरिदिन अनुरोध भई आएमा सो बमोजिम गोपनीयता कायम गरिनेछ।"

(४) दफा ४३ को सट्टा देहायको दफा ४३ राखिएको छः-

"४३. सहयोग तथा समन्वय गर्नु पर्नेः (१) यस ऐन बमोजिम पारस्परिक कानूनी सहायता आदानप्रदान गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नुअघि केन्द्रीय अधिकारीले परराष्ट्र मन्त्रालयसँग आवश्यक परामर्श गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम केन्द्रीय अधिकारीले सम्पादन गर्नु पर्ने कामकारबाहीमा परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली कूटनीतिक नियोगले आवश्यक सहयोग तथा समन्वय गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम केन्द्रीय अधिकारीबाट सम्पादन गर्नु पर्ने कार्यमा केन्द्रीय अधिकारीलाई आवश्यक सहयोग गर्नु सम्बन्धित सरकारी निकाय वा पक्षको कर्तव्य हुनेछ।"

(५) ठाउँ ठाउँमा रहेका "कूटनैतिक माध्यम मार्फत" र "कूटनैतिक माध्यमबाट" भन्ने शब्दहरू झिकिएका छन्।

(६) दफा ४१ खारेज गरिएको छ।

१४. **<u>सङ्गठित अपराध निवारण ऐन, २०७० मा संशोधन</u>**ः सङ्गठित अपराध निवारण ऐन, २०७० को,-

(१) दफा ११ मा रहेका "भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी" भन्ने शब्दहरूको सट्टा "भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २० को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सङ्गठित अपराधको सम्बन्धमा प्रहरी कार्यालय बाहेक अन्य कुनै निकायमा उजुरी परेमा त्यस्तो निकायले भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको उजुरी तथा कुनै प्रमाण सङ्कलन गरेको भए सो समेत संलग्न गरी तत्काल सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।"

(ख) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी" भन्ने शब्दहरूको सट्टा "भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ३१ को उपदफा (१) मा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरूको सट्टा "सङ्घीय संसद" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ४० मा रहेका "भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी" भन्ने शब्दहरूको सट्टा "भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण" भन्ने शब्दहरु राखिएका छन्।

१५. **<u>विद्युत नियमन आयोग ऐन, २०७४ मा संशोधन</u>**: विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (३) बमोजिम सूचना प्रकाशन भएको कम्तीमा तीस दिनपछि मात्र उपदफा (१) बमोजिमको महसुल लागू हुनेछ।"

१६. **<u>मुलुकी अपराध संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी अपराध संहिता,२०७४ को,-

(१) दफा २ को उपदफा (१) को खण्ड (ग) मा रहेका "दफा १६७" भन्ने शब्दहरुको सट्टा "दफा १४६क. र १६७" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ४१ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) आतङ्ककारी कार्य सम्बन्धी कसूर गरी ज्यान मारेको,"

(३) दफा १२५ पछि देहायको दफा १२५क. थपिएको छः-

"१२५क. <u>हुण्डी सम्बन्धी कारोबार गर्न नहुनेः</u> (१) कसैले पनि हुण्डी सम्बन्धी कारोबार गर्न वा गराउन हुँदैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "हुण्डी सम्बन्धी कारोबार" भन्नाले प्रचलित कानून बमोजिम मान्यता प्राप्त संस्था वा भुक्तानी उपकरणको माध्यमबाट बाहेक अन्य व्यक्ति, उपकरण वा अन्य कुनै पनि माध्यमबाट नेपालबाट विदेशमा वा विदेशबाट नेपालमा कुनै रकम वा मूल्य स्थानान्तर वा हिसाब मिलान वा भुक्तानी लिने, दिने वा हुने गरी व्यवसाय बनाई गरिने कारोबार सम्झनु पर्छ।

(२) उपदफा (१) विपरीत कसैले कुनै व्यावसायिक कारोबारको वास्तविक हिसाब किताब नदेखिने गरी सो सम्बन्धी रकम कुनै पनि माध्यमबाट भुक्तानी लिने दिने गर्नु हुँदैन।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कसूर गरेमा बिगो र सोबाट बढे वा बढाएको सम्पत्ति समेत जफत गरी एक वर्षसम्म कैद हुनेछ।"

(४) भाग-२ को परिच्छेद-७ पछि देहायको परिच्छेद-७क. थपिएको छः-

"परिच्छेद-७क.

आतङ्ककारी कार्य सम्बन्धी कसूर

१४६क. आतङ्ककारी कार्य सम्बन्धी कसूर गरेको मानिनेः (१) कसैले पनि आतङ्ककारी

कार्य सम्बन्धी कसूर गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि यो दफा प्रारम्भ भएपछि कसैले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा विदेशी राज्य वा अन्तर्राष्ट्रिय सङ्गठनलाई प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट कुनै कार्य गर्न वा नगर्न बाध्य तुल्याउने वा कुनै कार्य गर्न रोक्ने वा सर्वसाधारणलाई त्रसित पार्ने वा नेपाल वा विदेशी राज्यको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रतामा हानि पुऱ्याउने उद्देश्यले देहायको कुनै कार्य गरे वा गराएमा आतङ्ककारी कार्य सम्बन्धी कसूर गरेको मानिनेछः-

(क) कुनै गैरसैनिक व्यक्ति (सिभिलियन) वा सशस्त्र द्वन्द्वका बखत शत्रुतापूर्ण कार्यमा संलग्न नभएको व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गर्ने,

(ख) कुनै व्यक्तिलाई अपहरण गर्ने वा बन्धक बनाउने,

(ग) कुनै हातहतियार, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण प्रयोग गरी खानेपानी, सार्वजनिक यातायात, सूचना तथा सञ्चार, विद्युत वा विद्युतीय, वित्तीय वा अन्य यस्तै सार्वजनिक सेवा वा उपभोग प्रणाली कब्जा गर्ने, गम्भीर रूपमा अवरोध गर्ने, क्षति पुऱ्याउने वा नष्ट गर्ने,

(घ) अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्तिको हत्या, अपहरण वा त्यस्ता व्यक्तिको स्वतन्त्रता उपर हमला गर्ने वा त्यस्तो व्यक्तिको निजी आवास वा त्यसको परिसर वा यातायातको साधन उपर हिंसात्मक आक्रमण गर्ने,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति" भन्नाले आफ्नो राष्ट्र बाहिर रहँदा अन्तर्राष्ट्रिय कानून बमोजिम विशेष संरक्षण प्राप्त गर्ने राष्ट्राध्यक्ष, सरकार प्रमुख, परराष्ट्र मन्त्री, दूतावास र अन्य कूटनीतिक नियोग वा अन्तर्राष्ट्रिय सङ्गठनमा कार्यरत विभिन्न राष्ट्रको स्थायी तथा अस्थायी प्रतिनिधि र तिनको परिवारको सदस्य सम्झनु पर्छ।

(ङ) आमविनासका हातहतियारको निर्माण, विस्तार वा बिक्री वितरण गर्ने, त्यस्ता हातहतियारको प्राप्ति, कब्जा,

स्थानान्तरण वा चोरी, डकैती गर्ने,

(च) गैरकानूनी रुपले बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा अरु कुनै प्रकारको डर, त्रास देखाई वायुयान वा जलयानलाई कब्जामा लिने वा त्यस उपर नियन्त्रण गर्ने वा भूमिस्थ वायुयान वा जलयान नष्ट गर्ने वा त्यसको कुनै भागमा सुरक्षा खतरा पैदा गर्ने,

(छ) खण्ड (क) देखि (च) सम्मको कार्य गर्न वा गराउन सङ्गठन निर्माण गर्ने वा योजना बनाउने, सङ्गठनमा आबद्ध हुने, सङ्गठन विस्तार गर्ने वा सदस्यता बढाउने वा प्रशिक्षण दिने,

(ज) आतङ्ककारी सङ्गठन वा समूहको सदस्यता लिने वा सो कार्य गर्न सहयोग गर्ने,

(झ) विदेशी आतङ्ककारी लडाकुको रूपमा कार्य गर्ने।

(३) देहाय बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरी कसैको जीउ ज्यान गएकोमा जन्म कैद,

(ख) उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरी कसैको जीउ ज्यान नगएको तर चोटपटक लागेको वा अङ्गभङ्ग भएकोमा पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद,

(ग) उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गरी कसैलाई चोटपटक नलागेको र अङ्गभङ्ग नभएकोमा दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद,

(घ) उपदफा (२) को खण्ड (ग), (घ), (ङ) वा (च) बमोजिमको कसूर गरेमा दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद,

(ङ) उपदफा (२) को खण्ड (छ) बमोजिमको कसूर गरेमा पन्ध्र वर्षसम्म कैद,

(च) उपदफा (२) को खण्ड (ज) वा (झ) बमोजिमको कसूर गरेमा दश वर्षसम्म कैद।"

(५) दफा २६२ पछि देहायको दफा २६२क. थपिएको छः-

“२६२क. अभौतिक मुद्राको प्रयोग गर्न नहुनेः (१) नेपाल राष्ट्र बैङ्कले जारी गर्ने मुद्रा बाहेक कसैले पनि नेपालमा प्रयोग गर्ने, गराउने वा नेपालभित्र वा बाहिरको व्यावसायिक कारोबारको भुक्तानी लिने, दिने वा हिसाब मिलान गर्ने वा अन्य कुनै प्रयोजनको लागि मुद्राको नाम लिई वा नलिई अभौतिक (भर्चुअल) मुद्राको उत्पादन, बिक्री, कारोबार, सटही वा स्थानान्तरण गर्न, राख्न (होल्ड गर्न) वा त्यस्तो मुद्रा जारी वा हस्तान्तरण गर्न वा गराउन हुँदैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "अभौतिक (भर्चुअल) मुद्रा" भन्नाले क्रिप्टोग्राफी वा अन्य कुनै तरिकाले सिर्जना वा उत्पादन गरिएको विद्युतीय माध्यमबाट मूल्य दर्शाउने वा मूल्यको प्रतिनिधित्व गर्ने व्यापारिक क्रियाकलापमा महत्व वा उपादेयता रहेको वा मूल्य वा खाताको एकाइमा सञ्चित वा भण्डारण गर्न सकिने सूचना, कोड वा सङ्केत नम्बर, टोकन, क्रिप्टो करेन्सी वा यस्तै किसिमको भर्चुअल सम्पत्ति सम्झनु पर्छ।

(२) उपदफा (१) विपरीत कसैले कुनै व्यावसायिक कारोबारको

वास्तविक हिसाब किताब नदेखिने गरी सो सम्बन्धी रकम कुनै पनि माध्यमबाट भुक्तानी लिने दिने गर्नु हुँदैन।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कसूर गरेमा बिगो र सोबाट बढे वा बढाएको सम्पत्ति समेत जफत गरी पाँच वर्षसम्म कैद र बिगो बमोजिम जरिबाना हुनेछ।"

१७. **<u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को,-

(१) दफा ३२ को उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) अभियोजन गर्न लागिएको कसूर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण सम्बन्धी कानून अन्तर्गतको सम्बद्ध कसूर (प्रेडिकेट अफेन्स) मा पर्ने देखिएमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर भए वा नभएको र भएको भए त्यस्तो कसूरमा समेत हुने सजाय मागदाबी,"

(२) अनुसूची-१ को क्रमसङ्ख्या १ को खण्ड (क) को प्रकरण (४) मा रहेका “१२५ र १२६” भन्ने शब्दहरुको सट्टा “१२५,

१२५क. र १२६" भन्ने शब्दहरु राखी प्रकरण (६) पछि देहायको प्रकरण (६क) थपिएको छः-

"(६क) परिच्छेद ७क.""

(३) अनुसूची-१९ को क्रमसङ्ख्या १६ पछि देहायको क्रमसङ्ख्या १६क. थपिएको छः-

"१६क. अभियुक्तले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर समेत गरेको देखिएमा अनुसन्धान अधिकारीको प्रस्तावित राय र सजाय मागदाबी ........."

१८. **<u>सहकारी ऐन, २०७४ मा संशोधन</u>**: सहकारी ऐन, २०७४ को,-

(१) दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-

"२३क. <u>मापदण्ड पालना गर्नु पर्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नु पर्नेछ।

(२) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेको उपदफा (१) बमोजिमको सहकारी संस्थाले नेपाल राष्ट्र बैङ्कले निर्धारण

गरेको मापदण्ड कायम गरेको नभएमा यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो मापदण्ड कायम गर्नु पर्नेछ।"

(२) दफा ७३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) सहकारी संस्थाले उपदफा (१) बमोजिम पेश गर्नु पर्ने प्रतिवेदन विभागमा रहेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।"

(३) दफा १५० को सट्टा देहायको दफा १५० राखिएको छः-

"१५०. नियमन, अनुगमन र सुपरिवेक्षण सम्बन्धी विशेष व्यवस्था: (१) स्थानीय तहमा दर्ता भई वार्षिक पच्चीस करोड रुपैयाँसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(२) स्थानीय तहमा दर्ता भई वार्षिक पच्चीस करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्मको कारोबार गर्ने सहकारी संस्था र प्रदेशमा दर्ता भएको वार्षिक पचास करोड रुपैयाँसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण सम्बन्धित प्रदेशबाट हुनेछ।

(३) स्थानीय तह वा प्रदेशमा दर्ता भई वार्षिक पचास करोड रुपैयाँभन्दा बढीको

कारोबार गर्ने सहकारी संस्था र विभागमा दर्ता भएको सहकारी संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण विभागबाट हुनेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको वार्षिक कारोबार रहेको दुई वा सोभन्दा बढी स्थानीय तह वा प्रदेशमा कार्यक्षेत्र भएको सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्य त्यस्तो संस्थाको केन्द्रीय कार्यालय रहेको स्थानीय तह वा प्रदेशबाट हुनेछ।

(५) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तह वा प्रदेशबाट जोखिमको आधारमा कुनै सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्नका लागि अनुरोध भई आएमा विभागबाट त्यस्तो संस्थाको नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्न सकिनेछ।

(६) उपदफा (१), (२), (३), (४) वा (५) को अतिरिक्त पचास करोड रुपैयाँभन्दा बढी शेयर पुँजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा विभागको अनुरोधमा त्यस्ता संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण नेपाल राष्ट्र बैङ्कले समेत गर्नेछ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन वा दिएको निर्देशनको पालना नगरेको उजुरी वा गुनासो प्राप्त भएको अवस्थामा विभागले जुनसुकै सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्न सक्नेछ।

(८) विभागले सहकारी संस्थाको कार्य प्रकृति अनुसार तोकिए बमोजिमका निकायको प्रतिनिधि र विषय विज्ञ रहेको समितिबाट त्यस्तो संस्थाको नियमन, अनुगमन तथा सुपरिवेक्षण गराउन सक्नेछ।"

(४) दफा १५०क. को,-

(१) उपदफा (१) मा रहेका "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी" भन्ने शब्दहरूको सट्टा "सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तार वा त्यसमा वित्तीय लगानी" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१) बमोजिम जारी भएको निर्देशनको पालना भए वा नभएको

सम्बन्धमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीले जोखिमको आधारमा आवश्यकता अनुसार सहकारी संस्थाको अनुगमन, निरीक्षण र प्रचलित कानून बमोजिम आवश्यक कारबाही तथा सजाय गर्न सक्नेछ।"

(५) दफा १५१ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले मापदण्ड बनाई जारी गर्नेछ।"

१९. **<u>विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधनः</u>** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को,-

(१) दफा २ को,-

(क) खण्ड (छ) मा रहेका "उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरुको सट्टा "औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ज) को उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छः-

"(२क) दफा ३ को अधीनमा रही मेशिन, औजार, उपकरण मार्फत गरिने शेयर लगानी,"

(२) दफा ३ को उपदफा (३) मा रहेका "स्वीकृति दिइने छैन" भन्ने शब्दहरु पछि "र त्यसरी

लगानीको सीमा तोक्दा गैरआवासीय नेपाली तथा अन्य विदेशी लगानीकर्ताले लगानी गर्ने रकमको सीमा फरक फरक हुने गरी तोक्न सकिनेछ" भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा १७ को उपदफा (२) मा रहेका "लगानीको लगानी बोर्ड ऐन, २०६८ अन्तर्गतको" भन्ने शब्दहरुको सट्टा "लगानीको स्वीकृति प्रचलित कानून बमोजिम गठित" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २२ को खण्ड (च) मा रहेको "नाबालक" भन्ने शब्द झिकिएको छ।

(५) दफा ४६ को उपदफा (१) मा रहेका "निज लगानीकर्ताले नै गरेको मानिनेछ" भन्ने शब्दहरुको सट्टा “अख्तियारनामा दिने व्यक्तिले नै गरेको मानिनेछ" भन्ने शब्दहरू राखिएका छन्।

२०. **<u>बीमा ऐन, २०७९ मा संशोधनः</u>** बीमा ऐन, २०७९ को,-

(१) दफा ६९ को उपदफा (३) मा रहेका "प्राधिकरण तथा" भन्ने शब्दहरु झिकिएका छन्।

(२) दफा ७० को सट्टा देहायको दफा ७० राखिएको छः-

"७०. <u>बीमाङ्कीय मूल्याङ्कन गराउनु पर्नेः</u> (१) बीमा व्यवसाय गर्ने बीमकले प्राधिकरणको स्वीकृति लिई नियुक्त गरेको बीमाङ्कीद्वारा आफ्नो आर्थिक स्थिति, सम्पत्ति, दायित्व तथा वित्तीय स्थितिको मूल्याङ्कन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बीमाङ्कीले दिएको मूल्याङ्कन प्रतिवेदनको एक प्रति सम्बन्धित बीमकले प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(३) बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**माघ २४, २०८० मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधन सहित विधेयक पारित गरी राष्ट्रिय सभामा पठाएकोमा फागुन १८, २०८० मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधनसहित विधेयक पारित गरेको र चैत ०५, २०८० मा बसेको प्रतिनिधि सभाको बैठकले राष्ट्रिय सभाले गरेको उक्त संशोधनमा सहमत भई पुनः पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।**

**(देवराज घिमिरे)**
**सभामुख**
**प्रतिनिधि सभा**
**मितिः २०८०/ /**

**प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।**

..........................

**(रामचन्द्र पौडेल)**
**मितिः २० / /** **राष्ट्रपति**